# वर्गदृष्टि साप्ताहिक

**Bargadristi Weekly**

वर्ष ३ अङ्क १२ पूर्णाङ्क ११० | २०७५ भदौ १८ गते सोमबार | Monday, Sept. 3, 2018 | पृष्ठ ८ | मूल्य रु. १०|-


## क्रान्तिकारी ट्रेड यूनियन महासंघले देशव्यापी सांगठानिक अभियान चलाउने

काठमाडौं । नेकपा (क्रान्तिकारी माओवादी) निकट अखिल अखिल नेपाल क्रान्तिकारी ट्रेड युनियन महासंघको केन्द्रिय सचिवालयको विस्तारीत बैठकले आगामी मंसिरसम्म देशभर चार महिने संगठन निर्माण तथा विस्तारका सांगठानिक अभियान सञ्चालन गर्ने निर्णय गरेको छ । हालै बसेको उक्त बैठकले अभियानको क्रममा सबै प्रदेशहरूमा महासघंको प्रदेश स्तरीय समिति निर्माण गर्ने, शहरी जिल्लाहरूमा जिल्ला स्तरीय महासंघको समिती निर्माण गर्ने, केन्द्रिय रूपमा पेसागत घटक संघहरूको केन्द्रिय समितिको बैठक, भेला, सम्मेलनहरू गर्ने, हरेक प्रदेशले कम्तिमा ५ सय सदस्यता वितरण गर्नेलगायतका निर्णय गरेको छ । बैठकले केन्द्रिय कार्यालयको भुमिकालाई सहयोग पुऱ्याउने गरी १ नं. प्रदेशमा ठाकुर तिमिल्सिना ५ नं. प्रदेशमा बद्री चाँपागाई ६ नं. प्रदेशमा केशव सुवेदी तथा महासंघको कार्यालयको व्यवस्थापकीय कामलाई सहयोग पुऱ्याउन मोहन पहाडीलाई ...बाँकी ६ पेजमा

# बिम्स्टेकमा भारतीय सुरक्षाछाताको कालो छायाँ

● **वर्गदृष्टि संवाददाता**

काठमाडौं । यही भदौ १४ र १५ गते दुई दिन भएको बिम्स्टेकको चौथो शिखर सम्मेलनमा भारतीय दादागिरी चरम रूपमा अभिव्यक्त भयो । यसलाई सहभागी राष्ट्रहरूले पनि राम्रो गरी पचाउन सकिरहेका थिएनन् । आफैमा संयुक्त र साझा संगठन र यसको बहुस्वार्थ समेटिएको सामुहिक प्रयास र त्यसको सामूहिक अभिव्यक्ति पनि हुने भएकाले एउटा कुनै अमुक राष्ट्रको चकचकी कुनै सदस्यलाई पनि स्वीकार्य हुँदैन पनि ।



कार्यक्रमको आयोजना जुन तात्कालिन अध्यक्ष राष्ट्र छ, उसैले गर्ने र व्यवस्थापनदेखि सुरक्षासम्मका कामहरू पनि उसै देशको कर्तव्य र दायित्वमा पर्न आउँछ । तर सम्बन्धित देशभन्दा अरु कसैको अस्वाभाविक भूमिका देखिएमा त्यो असुहाउँदो हुन्छ ।

नेपाल आफैमा चौथो बिम्स्टेकको अध्यक्ष राष्ट्र थियो । यसले आफ्नै देशमा चौथो शिखर सम्मेलनको आयोजना पनि गरिरहेको थियो । यसका तयारीहरू पूरा गरिसकेको थियो पनि । सुरक्षा प्रबन्ध पनि मिलाएको थियो । तर यसलाई चुनौती दिँदै भारतले आफ्नो कमाण्डो फोर्स नेपालमा उतार्‍यो । यो एक सार्वभौम आयोजक राष्ट्रका लागि र सबै सदस्य राष्ट्रका लागि पनि लज्जाको विषय बन्यो ।

तर यो लज्जाबोध सबै भन्दा ठूलो राष्ट्र भारतका लागि भने हुन सकेन । कूटनीतिक वृत्तमा सार्वभौम नेपालमाथि भएको यो २००७ सालदेखि २०१५ सालसम्म भएको भारतीय प्रत्यक्ष हस्क्षेप पछिको दोस्रो घटना हो । यो स्वाभिमानी नेपालीका ...बाँकी ७ पेजमा

## चारघेरे सुरक्षाभित्र भारतीय कमाण्डो



काठमाडौं । काठमाडौंमा बिम्स्टेक शिखर सम्मेलन अबधिभर नेपालले बनाएको चारघेरे सुरक्षा कवजभित्र भारतीय भारतीय प्रधानमन्त्री मोदीको विशेष सुरक्षको बाहनामा भारतीय ...बाँकी ७ पेजमा

## शरणार्थीका कुरै उठेनन्

काठमाडौं । चौथो बिम्स्टेक सम्मेलन दक्षिण एशियाका ७ वटा देशहरूको साझा समस्या र त्यसको समाधानका लागि साझा प्रयत्नहरू निर्माण र कार्यान्वयनका लागि आयोजना गरिएको सबैलाई लागेको थियो । तर कुरा त्यस्तो रहेन ।

भुटानका शरणार्थी नेपालमा बसेको २५ वर्ष भइसक्यो । यो भुटानी शरणार्थीको मुद्दा भुटान, भारत र नेपालसँग प्रत्यक्ष जोडिएको छ । यसबारे यतिका वर्षसम्म पनि समाधानका लागि कुनै पहल भएको छैन । यसबारेमा नेपाल सरकारले कुरा उठाउने, भारतले सहजीकरण गर्ने र भुटानले समस्या समाधानका लागि पहलका संभावना र कार्यक्रमहरू दिने हो । तर तीनवटै देशका राष्ट्र ...बाँकी ७ पेजमा

## नेपालको भविष्य अँध्यारोतिर

काठमाडौं । बिम्स्टेक सम्मेलनपछि अब बिम्स्टेक सदस्य राष्ट्रहरूको ध्यान भारतको पुणेमा हुन लागेको बिम्स्टेक सेन्य अभ्यासतिर बिस्तारै तानिन थालेको छ । यो सैन्य अभ्यास कसैका विरुद्ध नहुने भनिए पनि सैनिक र सैनिक गतिविधि कसै न कसैका विरुद्ध परिलक्षित हुन्छ नै । त्यसैले पनि बिम्स्टेक सदस्यका हैसियतले नेपालको सहभागिता स्वयम् नेपालीका लागि पनि पचिराखेको छैन ।

यसबारेमा नेपाल सरकारको तर्फबाट परराष्ट्र मन्त्री प्रदीपकुमार ज्ञवालीले बिम्स्टेक संयुक्त सैन्य अभ्यास कुनै पनि देशका विरुद्ध लक्षित नभएको बताएका प्रस्टीकरण दिइरहेका छन् । तथापि ...बाँकी ७ पेजमा

# 'बौद्धिक व्यक्तित्वको गिरफ्तारी भारतीय प्रतिक्रियावादी सरकारको चरम निरंकुशता' : *क्रान्तिकारी माओवादी*

काठमाडौं । नेपाल कम्युनिष्ट पार्टी (क्रान्तिकारी माओवादी)ले एक वक्तव्य जारी गर्दै भारतीय सरकारले २८ अगस्तमा विभिन्न सामाजिक तथा बौद्धिक क्षेत्रमा क्रियाशील बुद्धिजीवी, कवि, लेखक, कानुनविद्, पत्रकार तथा मानवअधिकारकर्मीहरूलाई गरेको गिरफ्तारीको शक्त विरोध एवम् भर्त्सना गरेको छ । पार्टी महासचिव मोहन वैद्य' किरण'ले बुधबार जारी गरिएको वक्तव्यमा क्रान्तिकारी माओवादीले यो कदमलाई आफूलाई लोकतन्त्रको मसिहा बताउने भारतीय प्रतिक्रियावादी सरकारको चरम



निरंकुशताको अभिव्यक्ति भनेको छ । साथै, वक्तव्यमा गिरफ्तार गरिएका सबै बौद्धिक व्यक्तित्वको अविलम्ब रिहाइको जोडदार माग पनि गरिएको छ ।

भारतमा हुँदै गरेको मोदीको फासीवादी सत्ताभ्यास र भारतीय सचेत जनता र तिनका वौद्धिक प्रतिनिधिहरूले त्यसका विरुद्ध निरन्तर उठाउँदै आवाजलाई कुल्चन मोदी सरकारले गरेका आम गिरफ्तारी, धरपकड र यातना आदिलाई उजागर गर्दै महासचिव किरणद्वारा हस्ताक्षरित वक्तव्यको सुरुमा भनिएको छ, "यही ...बाँकी ६ पेजमा

## क्रान्तिकारी माओवादी गुल्मीको प्रथम अधिवेशन सम्पन्न

बुटवल । नेपाल कम्युनिष्ट पार्टी (क्रान्तिकारी माओवादी)का पोलिटब्यूरो सदस्य केबी गुरुङले सरकारको दुई तिहाइको दम्भ धेरै दिन नटिक्ने दाबी गरेका छन् । सरकारका गलत काम कारबाहीका कारण जनता सडकमा उत्रदै जाने क्रमा बढोत्तरी भइरहेकाले अब त्यो दम्भ तोडिएर जाने बताएका हुन् ।

जनताले साँच्चिकै विकास निर्माण र समृद्धि लाएको चाहेका थिए र छन् भन्दै विनम्रता र विकासका ठाउँमा सरकारमा पलाएको दम्भलाई तोड्नका लागि सडक संघर्ष नैं एक मात्र विकल्प रहेको पनि बताएका छन् । नेता गुरुङले उक्त कुरा नेकपा (क्रान्तिकारी माओवादी) गुल्मीको प्रथम अधिवेशनको सत्यवती गाउँपालिका-३ लुम्पेकमा मंगलवार उद्घाटन गर्दै उक्त कुरा दाबी गरेका हुन् । पार्टीका प्रदेश ५ का कार्यवाहक सचिव समेत रहेका गुरुङले मुलुकमा बढेको राष्ट्रघात र जनघातका विरुद्ध आन्दोलनको आँधीबेहरी ल्याउनुपर्नेमा जोड दिएका थिए ।

सरकारले अवैज्ञानिक तरिकाले बढाएको कर खारेजीका लागि पार्टीले आन्दोलन अघि बढाउने भन्दै गुरुङले मुलुकमा बढिरहेको बलात्कार, अपहरण, तस्करी, घुसखोरी तथा माफियागिरीका विरुद्धमा जनताको साथलिएर सरकारलाई प्रहार गर्ने बताए । उनले सरकार आफैमा दलाल तथा नोकरशाही ...बाँकी ६ पेजमा

## 'सरकारी वार्ताको कुरा नाटक मात्र'

काठमाडौं।विप्लव नेकपा लगायतका पार्टी तथा सशस्त्र समूहसँग वार्ता गर्ने भनी सरकारी वार्ता टोली निर्माण गरी सार्वजनिक गरेलगतै नेकपाका नेता हेमन्तप्रकाश ओली (सुदर्शन)ले सरकारी वार्ता टोली गठन र वार्ताको आह्वान नाटक मात्र भएको बताएका छन् । सशस्त्र समूहका विरुद्ध देशव्यापी रूपमा दमन गरिरहेकै बेला सरकारले वार्ताका लागि गरेको आह्वानको प्रतिउत्तरमा नेता सुदर्शनले यस्तो खालको जबाफ दिएका हुन् ।



विप्लव नेकपाका प्रवक्ता खड्कबहादुर विश्वकर्मा (प्रकाण्ड) लाई आजभन्दा एक महिना पहिले काठमाडौं नजिकको चाल्नाखेलबाट गिरफ्तार गरी कहिले पूर्व, कहिले पश्चिम त कहिले ...बाँकी ६ पेजमा

# एनजीओ तथा आईएनजीओको दुष्चक्र

● अटल ●

**खुशीको कुरा के छ भने सचेत जनताले जतिसुकै जनताको जीवनसँग जोडिएको भने पनि एनजीओ/आईएनजीओले गरेको खुल्ला कार्यक्रममा भाग लिंदैनन् र मालिकको आदेश पालना गरेको डलर पचाएको भनेर ब्यङ्ग्य गर्दछन् । यो पनि साम्राज्यवाद र विस्तारवादको अर्को असफलता हो ।**

जनतामा चेतनास्तर बढ्दै गएपछि डाइनोसरसले रूप परिवर्तन गरेर छेपारोको रूप धारण गरेर बदलिए झैं साम्राज्यवादले पनि नयाँ नयाँ रूप र कलेबरमा आफ्नो साम्राज्य फैलाउने गरिरहेको छ । एक समय थियो सम्राट हुनु, साम्राज्य फैलाउनुलाई शान र गौरवको विषय मानिन्थ्यो । सम्राट अशोक, महासामन्त अंशुवर्मा, साम्राज्ञी राज्यलक्ष्मी देवी जस्ता नाम राख्दा शान र शौकतको विषय हुन्थ्यो । आज ती शब्दहरू घृणा र मूर्दावादमा बदलिएका छन् । साम्राज्यवादले जनताको बढेको चेतनालाई झुक्काएर उपनिवेश, अर्धउपनिवेश र नवउपनिवेश हुँदै नयाँ नयाँ तरिकाद्वारा शोषण गर्दै र साम्राज्यलाई टिकाई राख्ने जुक्ति बुद्धि खियाउँदै आएको छ । यसको नवीनतम र पछिल्लो तरिका हो राष्ट्रिय, गैर सरकारी संस्था (एनजीओ) र अन्तर्राष्ट्रिय गैर सरकारी संस्था (आईएनजीओ) ।

राष्ट्रिय गैर सरकारी संस्थालाई साम्राज्यवादले परक्ष रूपमा, अनुदान, खेलकुद सामग्री, औषधी दिएर र विशेषज्ञ सेवा उपलब्ध गराएर विभिन्न आफ्ना देशका क्लब संघसंस्थाका भगिनी संगठन बनाएर आफ्नो प्रभावमा पार्छन् । अन्तर्राष्ट्रिय गैर सरकारी संस्था (आईएनजीओ)ले त सरकारसँग सम्पर्क समेत नराखी कमजोर, अल्पविकसित र अविकसित मुलुकहरूमा अफिस खोलेर जनताका सरोकारका विषयमा सम्बन्धित देशका बौद्धिक दासहरूलाई पाइलाको मूल्य निर्धारण गरेर, खानेपानी, सडक, सोलार र बायोग्यास, वन जडिबुटी भू-क्षेत्रमा विभिन्न परियोजना सञ्चालन गरेर आफ्नो रणनीतिक उद्देश्य पूरा गर्न योजनाबद्ध लगानी गर्दछन् । उनीहरूले आफ्नो उद्देश्य पूरा गर्न पहिला बाइबल, बाइबलभित्र तरबार र त्यसपछि सेना ल्याएर यो मेरो उपनिवेश भन्ने गर्दथे ।

दोस्रो विश्वयुद्धपछि जनतामा चेतना यति बढ्यो कि विदेशी छाला देख्यो कि मारिहाल्ने, आफ्नो ज्यानको प्रवाह नगर्ने जागरण पैदा भएपछि संसार प्रत्यक्ष उपनिवेशबाट मुक्त भयो । त्यसपछि साम्राज्यवादी क्षेत्रीय प्रमुखवादी र विस्तारवादीहरूले अप्रत्यक्ष उपनिवेशको बाटो लिए । विभिन्न ...बाँकी ७ पेजमा

वर्गदृष्टि
Bargadristi Weekly साप्ताहिक

## सम्पादकीय

# वामपन्थीमाथि जाइलागेको मोदी फासिवाद

भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले भाद्र १४ र १५ गते हुन गइरहेको बिम्स्टेक शिखर सम्मेलनको ठीक एकदिन अघि भारतभरका प्रतिष्ठित वामपन्थी नेता, मानवअधिकारकर्मी, लेखक, वकिल र साहित्यकारलाई गिरफ्तार गर्न लगाई हिरासतमा लिए । उनलाई डर लाग्यो कि बिम्स्टेक शिखर सम्मेलनमा यी वामपन्थी दिग्गजहरूले आफ्नो रणनीतिक तथा कुटनीतिक छलहरूलाई पर्दाफास गरिदिने छन् । त्यो पनि उनकै लोकतान्त्रिक शासन व्यवस्था भएको भनिएको भारतभित्रैबाट ।

यसको सबैभन्दा उत्कृष्ट हल भनेको ती विद्वतहरूका घरघरमा विना करण छापा मारेर गिरफ्तार गर्ने र जे पायो त्यही आरोप लगाउने । त्यसैले मोदीले 'माओवादी विद्रोहीहरूलाई सघाएको आरोप' मा एकै दिन एकै समयमा झारखण्डका बुद्धिजीवी स्टेन स्वामी, आन्द्रप्रदेशका पत्रकार कुरमनात, पत्रकार अनाला, दिल्लीका सामाजिक कार्यकर्ता गौतम नवलखा, आन्ध्रप्रदेशका चर्चित कवि, लेखक तथा संस्कृतिकर्मी वरवर राव, प्राध्यापक आनन्द तेलतुम्डे, मुम्बईका वकिल तथा अधिकारकर्मी सुसान अब्राहम, सुधा भारद्वाज र बेरन गोन्जाविल्स, पुणेका अरुण फरेराका निवासमा गैरकानुनी ढंगले प्रहरी लगाई छापामारी हिरासतमा लिए । दिल्लीस्थित सुप्रिम कोर्टमा रिट हालियो र कोर्टको फैसला अनुसार हिरासत छुटाई घरमै नजरबन्द गरियो ।

मोदी सरकारको यस्तो खाले लज्जास्पद कार्यको सुरुआत त शारीरिक दृष्टिले ९० प्रतिशत विकलाङ्ग दिल्ली विश्वविद्यालयका प्राध्यापक जि. एन. साइबाबालाई माओवादीलाई सघाएकै आरोपमा नागपुर केन्द्रीय कारागारमा बन्दी बनाएर राखेको दिनबाट नै भएको छ ।

गिरफ्तार गरिएका र नजरबन्दमा राखिएका सबैलाई एकै प्रकृतिका आरोप लगाइएको छ कि उनीहरू विगत एक वर्षभित्र भारतभर घटेका वा घटाइएका कुनै न कुनै घटना वा हिंसासँग जोडिएका छन् । मोदीको जहाँ जाँदा पनि उच्चारण हुने पहिलो शब्द 'कनेक्टिभिटी' को दर्शनले यहाँ पनि काम गरेको देखिन्छ । मोदीको यो कार्यको भारतभर र छिमेकी मुलुकहरूमा सर्वत्र निन्दा र भर्त्सना भइरहेको छ ।

भारतीय दण्डसंहिता अन्तर्गत कारण नखुलाएर पनि गिरफ्तार गरिएका नेता, मानवअधिकारवादी, समाज सेवी तथा अधिकारकर्मीहरू, स्वतन्त्र व्यक्ति व्यक्तित्वहरूलाई ६ महिनासम्म थुनामा राख्ने सकिने व्यवस्था गरिएको छ । यसले पनि मोदीको फासिवादीकरणतिरको यात्रालाई मार्ग प्रशस्त गरेको छ ।

अहिले मोदीको विजेपीको गुण्डाराज चलेको छ । खुल्ला सार्वजनिक सडक, चौबाटो, शैक्षिक संस्थाहरू, अस्पतालहरू, रेलवे स्टेशनहरू तथा पार्कहरूमा चुल्ठेमुन्द्रेहरूले हातहातमा छोटा हतियार लिएर दिनदाहाडै वामपन्थी तथा विपक्षीहरूमाथि खुलेआम आक्रमण गर्दै हिंडिरहेका छन् । यो आक्रमण सबैभन्दा बढी हिन्दुत्वको रक्षाको नाममा गरिएको छ ।

दलित, विपन्न तथा दुखी गरीब र अल्पसंख्यकहरूलाई मोदी सरकारले विभेद र शोषणको शिकार बनाएपछि ती वर्गका जनताहरू एकपछि अर्को गरी सडकमा ओर्लिइरहेका छन् । मोदी विभेद निकै चर्को असहनीय रहेको छ । हाल भारतमा फरक विचार राख्ने, देशको कुरा गर्ने, फसिवादको विरोध गर्ने, जनताका दैनिक समस्याहरूका कुरा उठाउने र दीनदुखीलाई सघाउनेहरू माथि मोदीका ग्याङ्गस्टरहरूको दैनिक आक्रमण भइरहेको छ ।

मोदीलाई लागेको हुनसक्छ अरु सबैलाई त दबाउन सकिएला नै तर संगठित र जुझारु रूपमा रहेका वामपन्थीहरूलाई सकिने संभावना छैन । त्यसैले उनी विना कारण र प्रमाण वामपन्थीहरूमाथि नाङ्गो दमन र आक्रमणमा उत्रन थालेका छन् । शोषण, दमन, उत्पीडनमा पारिएका र विभेद गरिएका सबै जनताका सामुहिक हक, अधिकार र हितका लागि आमभारतीय जनता मोदीको फसिवादी शासनका विरुद्ध वामपन्थी संघर्षको झण्डामुनि गोलबन्द हुन जरुरी छ ।


## लेखकहरूमा अनुरोध

१. यस वर्गदृष्टि साप्ताहिक तथा मूलबाटो डटकमका लागि लेख/रचना पठाउँदा एक हजार शब्दमा नबढाइकन आफ्नो लेख/रचना पठाइदिनु हुन,
२. कम्प्युटर टाइप गरी पठाउँदा शुक्रबारसम्म र हस्तलिखित पठाउँदा बुधबारसम्म पत्रिकाको कार्यालयमा वा इमेलमा पठाइदिनु हुन,
३. सकेसम्म छोटा र सरल वाक्य प्रयोग गरिदिनु हुन हार्दिक अनुरोध छ ।

**सम्पादन विभाग, वर्गदृष्टि मिडिया**

परिवर्तनको सम्वाहक
मूलबाटो
सत्यतथ्य निष्पक्ष खबर तथा विचारका लागि सधैँ हेर्ने र पढ्ने गरौं ।
www.moolbato.com

# बिम्स्टेक सदस्य राष्ट्रभित्रका देशभक्त तथा राष्ट्रवादीहरूको जिम्मेवारी


हुकुमबहादुर सिंह

यहि भदौ १४ र १५ गते नेपालको राजधानी काठमाण्डौंमा बहुपक्षीय प्राविधिक तथा आर्थिक सहयोगका लागि बंगाल-खाडीको प्रयास, जसलाई संक्षिप्तमा बिम्स्टेक भनिन्छ, त्यसको चौथो शिखर सम्मेलन सम्पन्न भएको छ । यो शिखर सम्मेलनमा नेपाल, भारत, बंगलादेश, भूटान, श्रीलंका, थाइलैण्ड र अफगानिस्तानका सरकार प्रमुख तथा राष्ट्र प्रमुखहरूको उपस्थिति रहेको थियो । नेपालजस्ता देशका लागि यस्ता सम्मेलन हुनु आफैमा नराम्रो होइन्, तर यसले नेपाल-भारतबीचको मित्रता र सम्बन्धमा केही गम्भीर प्रश्नहरू उब्जाएका छन् ।

तीमध्ये अलि गम्भीर प्रश्न ओली सरकारको समयमा नेपालको सुरक्षामाथि झन घनिभूत बन्दै गएको भारतको कालो छायाँको निरन्तरता नै हो । नेपाली जनताले गणतन्त्र ल्याए, संविधानसभाबाट आफ्नो संविधान आफै बनाउने काम गरे । र, अहिले करिब करिब दुई तिहाईको बहुमतको सरकार बनाउन सफल भए पनि । तर भयो के भने उक्त बहुमतको सरकार पनि तिनै भारतीय दलालहरूको मिलेमतोमा र नेतृत्वमा बन्न गयो । ओली जसलाई नेपाली जनताले राष्ट्रवादी नेता भनेर निर्वाचनमा बहुमत दिए ताकि उनको नेतृत्वमा सरकार बने नेपाल अब एउटा स्वतनत्र र सार्वभौमसम्पन्न बन्ने छ ।

तर ओलीको अहिलेसम्मका गतिविधि र उनको भारतप्रतिको झुकाव देख्दा उनीबाट नेपाली जनताले जे आशा गरेका थिए, उनी त्यही ओली रहेछन्, जुनबेला उनले मध्यरातमा महाकाली सन्धि गरेर नेपालको शीर झुकाएका थिए । अहिले जसरी यो सम्मेलनमा ओलीले मोदीको सुरक्षाको नाममा जे जस्ता छुट भारतका लागि दिएका छन्, त्यसले के स्पष्ट बनाएको छ भने ओलीको सरकार पनि भारतीय इशारामा चल्न छाडेको छैन र उसको आफ्नै सुरक्षा संयन्त्रमाथिको अविश्वास कायमै छ भन्ने हो । नेपालमा सधैभरि दिल्लीको इशारामा कामगर्ने सरकारको उपस्थिति रहँदै आएको छ ।

अहिले नेपाल र नेपाली जनतामाथि दमन गर्नका लागि नेपाली जनताले करीब दुईतिहाई मत दिएर ओलीको नेतृत्वमा सरकार बनाएका पो रहेछन् भन्ने स्पष्ट बन्दै गएको छ । उनको काम त देशको बिग्रिएको राष्ट्रियतामाथि दिल्लीको गिद्देदृष्टि झन् घनिभूत बन्दै लैजाने काममा मद्दत गर्ने पो रहेछ भन्ने प्रमाणित हुँदै गएको छ । ओली नेतृत्वको सरकार जसले शान्ति, सुरक्षाको निहुँ बनाएर नेपाली जनतामाथि गोली बर्साउन पञ्चायतभन्दा पनि आफूलाई अगाडि देखाएको छ, तर आफूलाई भारतीय सुरक्षा संयन्त्रको छातामुनि सुरक्षित ठान्दछ भन्ने एउटा प्रमाण हो ।

यसलाई झन् बलियो गरी विगतमा मोदीको भ्रमण र अहिलेको भ्रमणका दौरानमा मोदीको सुरक्षाका लागि भन्दै भारतीय सुरक्षाकर्मी (कमाण्डो फोर्स) काठमाण्डौंमा सबर्दी उतारिए । मोदीको भ्रमण अघि नै भारतीय सुरक्षा कर्मी काठमाण्डौं आइपुगेका थिए । अन्य सबै राष्ट्र प्रमुखको सुरक्षा नेपालले गर्न हुने/सक्ने तर मोदीको सुरक्षाका लागि भारतीय कमाण्डो फोर्स नै चाहिने ? उनको लागि गाडि पनि उतैबाट आउने र कमाण्डो फोर्स पनि । यसका पछाडिको प्रमुख पक्ष बिम्स्टेकमाथि भारतीय दादागीरी र नेपाल अझैं भारतीय सुरक्षा घेराभित्र छ भन्ने नै हो । सार्कमा उसका लागि पाकिस्तान एउटा बाधक बनेर रहेको अवस्था थियो । तर यो बिम्स्टेकमा भने उसको दादागिरी नै चल्ने सबैको आँकलन छ ।

नेपालका प्रधानमन्त्रीलाई जनकपुरमा मोदीले 'भाइसाप' भनिसकेको अवस्थामा दिल्लीको आशिर्वादमा महाकालीदेखि चल्दै आएका ओलीजस्ता नेतालाई नेपाली जनताले दुईतिहाई मत दिनुको अर्थ नेपालको राष्ट्रियता बलियो नभई झन झन कमजोर बनाउन दिने हो भन्ने स्पष्ट भएको छ । ओलीले के बुझेको देखिएन भने मोदी एकजना भारतीय सरकारका प्रधानमन्त्री भए, उनका लागि एउटा जम्बो कमाण्डो फोर्स आउन दिने, तर अन्यका लागि त्यस्तो व्यवस्था नहुनुले अन्यको सुरक्षामाथि यी कमाण्डोको कालो छायाँ पर्न गएमा त्यसको जिम्मेवारी को हुने ? यदि ती राष्ट्रप्रमुखले किन भारतीय सेनामात्रै हामी पनि त भारतको सुरक्षा फौजबाट आफूलाई असुरक्षित छौं भने त्यसको जवाफ ओलीले कसरी दिने छन् ?

यद्यपि बिम्स्टेकका अन्य राष्ट्रमाथिको दिल्लीको कालो छायाँ कम छैन । अलिकति फरक देखिएका श्रीलङ्का र थाइलैण्ड हुन् । ती पनि पाकिस्तानले जत्तिको बलियो हैसियत राख्न सक्दैनन् । यदि यस्तै हो भने यस्तो सम्मेलनले भारतको सुरक्षा दादागिरीलाई अझ झन् प्रष्ट रूपमा बाहिर ल्याउने काम गर्ने स्पष्ट छ । ओलीको हैसियत यतिसम्म पनि कमजोर छ कि मोदीको सुरक्षाका लागि भारतबाट के कति सुरक्षा फौज नेपाल आउने हुन् ? तिनीहरू पहिलेजस्तै हातहतियारले लैस भएर कमाण्डो ड्रेसमा नेपाल भित्रिने हुन कि सिभिलमा त्यतिसम्म नेपाली जनतालाई जानकारी दिने उनले आवश्यक ठानेका छैनन् । नेपाली जनताको मतमा सरकार बनाएको त उनका लागि नेपाली जनतामाथि गोली बर्साउने तर दिल्लीको लागि सुरक्षा दिन हो त ?

नेपालका हरेक सरकार बनाउनेमा नेपाली जनताको मत होइन, भारतको चाकडीको बलियो हात छ भन्ने आम नेपाली देशभक्त राष्ट्रवादीहरूले भन्दै आएको अहिलेको ओली सरकारबारे पनि सत्य देखिन गएको छ । यसरी अहिले हुन गइरहेको बिम्स्टेक सम्मेलनमा स्पष्टसित मोदीको हैसियत सबै सहभागीको भन्दा उच्च रहेको देखाउन यो हर्कत गरिँदै छ । नेपालका लागि मात्रै नभई बिम्स्टेकका सबै देशका लागि यो एउटा चुनौती बन्न गएको छ ।

सबै सदस्य राष्ट्रको यसमा समान हैसियत छ, तर भारत यसमा पनि विशेष हो भन्ने सन्देश दिएर आखिरमा ओलीले बिम्स्टेकलाई नयाँ दिल्लीको एउटा छाता संगठनमा विकास गर्न खोजेको त होइन ? यसो गरेर मोदीले अन्य सबै सदस्य राष्ट्रभित्रका राष्ट्रवादीहरूका लागि बहस र भारतको असल छिमेकी बन्ने भन्ने भनाइमाथि शङ्का गर्नका लागि बलियो खुराक दिएका छन् । बिम्स्टेकका सबै सदस्य देशभित्र रहेका राष्ट्रवादीहरू (भारतभित्रका पनि) बीचमा यसबारे बहसको आवश्यकता छ ।

hukumsingh2012@yahoo.com

झर्रोटर्रो ✍ कैलुब्राह

# बाई मिस्टेक काठमान्डु घोप

अस्तिको हिजो र हिजोको हिजो यानेकि बिहीबार र शुक्रबार नेपाल मण्डलको राजधानी खाल्टोमा बङ्गालको खाडीवाला मण्डलहरूको पिकनिक सम्मेलन भयो । त्यसलाई उनीहरूले बिमिस्टेक सम्मेलनको नाउँ दिए । यो विमिस्टेक सङ्गठनको ढैंडु मुखिया थियो नेपाल मण्डलको सरकार । मिस्टर उखानप्रसाद नै यो सङ्गठनका प्रमुख मुखिया थिए । नेपाल मण्डल र अरू छ वटा मण्डलका सरकार र सत्ताका ढैंडुहरू यो पिकनिक सम्मेलनमा सामेल थिए । साथमा ढैंडुहरूका कारिन्दाका रूपमा सबै मण्डलका एकेक थान मन्तरीहरू पनि सो पिकनिकमा सहभागि थिए । तिनरुको पिकनिकले अठार बुँदे केकेजाति काठमान्डु घोषणापत्र अर्थात् घोप जारी गरे । यो बाई मिस्टेकले जारी गरेको घोषणापत्र यस प्रकार छ -

१. सर्ब प्रथम यो बाई मिस्टेक पिकनिकको व्यवस्थापन नेपाल मण्डलको सरकारले गरेकोमा यहाँका मुखिया हाम्रो सङ्गठनका पनि ढैंडु मुखिया मिस्टर उखानप्रसादलाई धन्यावाद दिने प्रस्ताव जारी गर्दछ ।

२. त्यसपछि सार्कलाई पेण्डुलम बनाउन सफल भएकोमा र यो बाई मिस्टेक सङ्गठनलाई बलियो बनाएर गुज्जरभैयालाई टाउको दुखाउँदै आएको पाकिस्तानलाई एक्लाउन सफल भएकोमा मिस्टर गुज्जरभैयालाई मुरीमुरी धन्यावाद र बधाइ दिने प्रस्ताव जारी गर्दछ ।

३. बाईमिस्टेकलाई प्रयोग गरेर उत्तरतिरको ग्रेटवाल सर्खारलाई घेरा हाल्ने गुज्जर सर्खारको रणनीतिलाई सबैले स्वीकर गरेका छौं भन्ने प्रस्ताव जारी गर्दछ ।

४. तेस्रोमा नेपालमण्डलमा खानपिन, उठनबसनको राम्रो प्रवन्ध मिलाएकोमा र यहाँका रैतीहर्लाई जाममा सुकाएर, तड्पाएर, हिँडडुल गर्न पनि नियम कानून लगाएर, सास्ती दिएर, गाडिमोटर गुडाउन रोक लगाएर, राजामहाराजाहरूको सानसौकत दिलाउँदै सवारी चलाएकोमा मिस्टर उखानप्रसादको सरकारलाई धेरै धेरै धन्यावाद दिने घोषणा जारी गर्दछ ।

५. राष्ट्रका पति सम्मान्ने आधापति महोदयाले दिवाभोज र सरकारका मुखिया मिस्टर उखानप्रसादले रात्रीभोज खुवाएर रुचीअन्सारका रमझम पिलाएर कृतकृत्य बनाएकोमा धेरै धेरै धेरै धन्यावाद दिने प्रस्ताव जारी गर्ने घोषणा गर्दछ ।

६. यहाँका मठमन्दिर, गुम्वा, चैत्य आदि इत्यादिमा घुमफिर गर्ने प्रवन्ध मिलाएकोमा मिस्टर उखानप्रसादलाई लाखलाख धन्यावाद दिने प्रस्ताव जारी गर्दछ ।

७. यो बिमिस्टेक सङ्गठनमा सामेल भएका मुलुकहरूमा आलोपालो गर्दै यस्तै खानपिनको पिकनिक सम्मेलन मनाउने र राष्ट्र र सरकारका मुखियाहर्ले देशाटन गर्ने, घुमफिर गर्ने, ऐसाराम लिने, मोजमस्ती गर्ने कुरालाई निरन्तरता दिने प्रस्ताव जारी गर्दछ ।

८. मिस्टर उखानप्रस्तावको काठमान्डुमा रेल गुडाउने, पानी जाज उडाउने, घरघरमा ग्यास पाइप पुऱ्याउने, हावाबाट बिजुली निकाल्ने आदि इत्यादि हावादारी प्रस्तावलाई हावामै उडाउन सर्बसम्मतले पास गर्दै आङभन्दा टाङ ठूला प्रस्ताव अघि सारेर रैती मनुखेलाई मख्ख पार्दै मूर्ख बनाउन सफल भएकोमा मिस्टर उखानप्रसादको नाउँ गिनिजबुकमा लेखाउने प्रस्ताव जारी गर्दछ ।

९. भुटानी शरणार्थीहरू सात समुन्द्र पारी जाने लर्को बढेर यहाँ सङ्ख्या घटेको हुनाले क्षतिपूर्ती गर्न भुटानमा बाँकीटाँकी रहेका गोर्खाभाषीहरू सबैलाई भु सर्खार र भा सर्खार मिलेर नेपाल मण्डलतिर खेद्ने प्रस्ताव जारी गर्दछ ।

१०. नेपाल मण्डलमा रहेका शरणार्थीहरूले आफ्नो मुल्कमा फर्कन पाउने भन्ने जतिलाई छिट्छिटो सातसमुन्द्र पारी खेद्ने र चुपचाप लाइर क्याम्पमा बस्न निर्देशन दिने प्रस्ताव जारी गर्दछ ।

११. हिन्दी सर्खार र नेपाल सर्खारको अनुमति नलिएर कोशीबाँधका वरपर वस्ने, त्यहाँ जन्म लिने र कोशी पीडित भनेर रुवाकल्ली गर्ने मधेशतीरका रैतीहर्लाई स्वा.....द भेट भन्ने र डुबेर मरे पनि, बगेर मरे पनि, घरखेत बगाएर बिचल्ली परे पनि, भोकभोकै मरे पनि हाम्लाई क्यै मत्लव छैन भन्ने गुज्जर सर्खार र उखाने सर्खारको प्रस्ताव सर्बसम्मतले पास गर्ने घोषणा जारी गर्दछ ।

१२. पाहाडका डाँडाकाँडा, भीर पखेरामा बस्ने, खोलाखालीका किनारातिर बस्ने अनि भुकम्प, बाढी पैरोले बगाएर, घर ढलेर चापेर मरिम, भोकभोकै परिम भनेर कोकोहोलो मच्चाउनेलाई मच्चाइ राख हाम्लाई केको खाँचो भन्ने उखाने सर्खारको प्रस्तावलाई जस्ताको तस्तै जारी गर्ने ।

१३. बाढीपैरो, भूकम्प पीडितहर्लाई राहत दिने भनेर विदेशबाट आएका राशनपानी गोदाममै थन्काएर सडाउने, पैसाजती ढुकुटीमा राखेर लामोसमयसम्म दमपच पार्ने, राहतका राम्रा राम्रा सामान मान्नेहर्ले सुटुक्क कुम्ल्याउने प्रस्तावलाई जसकोतस जारी गर्दछ ।

१४. नेपालका नदीनाला बगेर दख्खिनतिर जाने भएकाले कि त नेपाल सर्खारले तिनलाई थुनेर यतै राख्न सक्न परो नत्र पानी र जवानी पहाडमा रहन सक्दैनन् भन्ने गुज्जरवाणी अन्सार तिनमा दख्खिनको हक लाग्ने भएकाले आफ्नो एकलौटी हसुर्ने अधिकार सुरक्षित राख्ने गुज्जर सर्खारको प्रस्तावलाई स्वीकार गर्ने प्रस्ताव जारी गर्दछ ।

१५. हिन्दी सर्खारले चाहे अन्सार नचल्ने मण्डल र तिनका सर्खारलाई जतिवेला पनि ढाल्ने, अर्को सर्खार वदल्ने, सर्खारका निर्णय सबै हिन्दी सर्खारका दूतहर्ले भनेअन्सार चल्न पर्ने नियम पास गर्ने र त्यसलाई कानून जस्तै पालना गर्नपर्ने प्रस्ताव पारित गर्दछ ।

१६. अबदेखि सार्क सङ्गठनलाई क्रमशः प्यारालाईस लगाइदिने र गुज्जर सर्खारको अनुकूल नहुँदासम्म कोमामा राख्ने निर्णय गरेको प्रस्ताव जारी गर्दछ ।

१७. आर्को पिकनिक आगौ वर्षमा आर्को मण्डलमा गर्ने प्रस्ताव जारी गर्दछ ।

१८. अन्त्यमा यो बाईमिस्टेक पिकनिक सम्मेलन भव्य, सानदार र महत्वपूर्ण निर्णय गर्दै सफल भएको प्रस्ताव सबैमा जानकारी गराउने प्रस्ताव जारी गर्दछ ।

*१७ भदौ २०७५*

*kailubraha73@gmail.com*

# ओली सरकारको कारणले नेपाली समाज वैचारिक, सामाजिक, सांस्कृतिक र मनोवैज्ञानिक रूपमा विचलनको दिशातर्फ अघि बढिरहेको छ : *लक्ष्मी मुडभरी*



***अहिले नेपाली समाजमा महिलामाथि हुने हिंसात्मक गतिविधि अलि बढिराखेको छ, यसलाई कसरी लिइराख्नुभएको छ ?***

नेपाली समाजमा जुन घटनाक्रमहरू पछिल्लो समय तब्रताका साथ बढिरहेको छ, यो निकै चिन्ताजनक खालको छ। समग्रमा यो आम सामाजिक सुरक्षाकै प्रश्न बनिरहेको छ। यसलाई राज्यले तुरुन्तै नियन्त्रणमा लिनुपर्छ जस्तो लाग्छ । निकै कहालीलाग्दा घटनाहरूको श्रृंखला हेर्दाखेरि नेपाली समाज एकपछि अर्को सामाजिक, सांस्कृतिक, मानसिक रूपमा एकप्रकारको विचलनको दिशातर्फ अघि बढिरहेको देखिन्छ ।

यो बिघटनको दिशातर्फको उन्मुखता आम जनतामा पनि आभास, महसुस र अनुभूत हुने गरी भएको छ । यसलाई राज्यले आम जनताप्रति एउटा अभिभावकत्व कसरी प्रदान गर्ने, आर्थिक हिसाबले, राजनीतिक हिसाबले, सामाजिक हिसाबले, सांस्कृतिक हिसाबले गरी सबै हिसाबले राज्यले त्यो प्रकारको अभिभावकत्व र उत्तरदायित्व निर्वाह गर्न सक्नु पर्दछ ।

जहाँसम्म महिला हिंसा र महिला विरोधी गतिविधिको कुरा छ, यसलाई सामाजिक सुरक्षाको कोणबाट राज्यले आफ्नो नियन्त्रणमा ल्याउनु पर्छ ।

***राज्यको अभिभावकत्वको भूमिका त देखिन छाड्यो । बरु राज्यले नै ढोकछोप गर्ने, लुकाउने, संरक्षण गर्ने गर्न लाग्यो भनेर आम जनताबाट प्रतिक्रियाहरू आउन थालेका छन् नि ?***

यो विडम्बनाको कुरा हो । राज्य जनताको बन्न सकेन । नेपालमा पटक-पटकको राजनीतिक आन्दोलनपछि पनि आमूल परिवर्तनको आभास जनताले पाउन सकेका छैनन् । बहुमतको सरकार बनिसकेपछि पनि देशको, समाजको र जनताको स्थिति उल्टो खस्कँदै गइराखेको छ । शासन व्यवस्था फेरिएको जस्तो त देखिन्छ, तर नयाँ अनुहारहरू मात्र फेरिएको जनताले महसुस गरिरहेका छन् । शासन सत्ताको चरित्र पुरानै छ ।

***त्यसो भए समस्याहरू जस्ताको तस्तै छन् ?***

हामीले पहिलेदेखि नै उठाउँदै आएका राष्ट्रिय, जनतन्त्र र जनजीविकाका प्रश्नहरू जस्ताका तस्तै मात्र होइन, झन् बिकराल बन्दै गइरहेका छन् । पहिलेका शासकहरू भन्दा पनि अहिलेका शासकहरूको सोच्ने तरिका अझै तल्लो स्तरको छ । यो बढी विश्रृंखलित हुँदै गएको छ । यो कुरा जनताले आफैले एकआपसमा गर्ने गरिरहेका छन् ।

***देश र जनताका समस्याहरू राज्यद्वारा नै ढाकछोप र बढोत्तरी गरिएका हुन् त ?***

राज्यद्वारा देश र जनताका बारेमा गम्भीर किसिमले सोचिएन भने सबभन्दा ठूलो समस्या सरकार र राज्यसत्तालाई नै हुन आउँछ । सरकार च्यूत हुनुपर्छ भने राज्यसत्ता परिवर्तनको अर्को सङ्घारमा जान्छ । राज्यले जनताको माझमा राज्यको उपस्थिति छ भन्ने दिन सक्नुपर्छ । जनताले सरकार छ भन्ने अनुभूति गर्न पाउनु पर्छ । यो भयो भने मात्र राज्यको अस्तित्व जनताले स्वीकार्ने र जनताको उपस्थिति राज्यले बोध गर्ने हुन सक्छ । अहिले सामान्य उदाहरण मात्र लिऊँ, सडकहरूमा घण्टौं अनावश्यक जामहरू हुने गर्दछन् । हजारौं नागरिकहरूले दुःख व्यहोरिरहेका हुन्छन् । तर नागरिकहरूले राज्यको उपस्थिति त्यहाँ बोध गर्दैनन् । स्वभाविक हिसाबले राज्यको निकम्मापन आम सर्वसाधारणले बोध गरिरहेका हुन्छन् । यसले राज्यप्रति आशंका र अविश्वास जन्माइरहेको हुन्छ ।

***त्यसो भए राज्यसत्ताले आफ्नै विरुद्ध वातावरण तयार पारिरहेको छ त ?***

राज्यसत्ता विगतभन्दा धेरै नै कमजोर छ, वैचारिक हिसाबले पनि । जनताले पत्याउने ठाउँमा छैन । नैतिक धरातल ह्रास हुँदै गएको छ । त्यसैले यो निकै कमजोर अवस्थामा छ । नैतिक बल र विचार पनि गुमाइसकेपछि यो विगतभन्दा गुणात्मक हिसाबले कमजोर बन्न गएको छ ।

जनतामा आएको यो निराशा क्रमशः आवेगमा परिणत हुँदैछ । जनताको यो आवेग क्रमशः विद्रोह परिणत हुँदै जान सक्छ । यो आवेगलाई संगठित स्वरूप प्रदान गर्ने काम पार्टी संगठनको हो । अहिले स्थिति कस्तोसम्म पैदा भएको छ भने विगतको भन्दा अहिलेको राज्यसत्ता बढी सजिलो तरिकाले ढल्ने संभावना पनि देखिन्छ । तर त्यो कुरा शासकहरूले महसुस गरिराखेका छैनन् ।

***राज्यसत्ता र सरकार बलियो बनाउने भनेर भर्खरै सरकारद्वारा संहिताहरू सार्वजनिक गरिएका छन् त ?***

संघीय संविधान बनिसकेपछि ऐन कानुनहरू परिमार्जन जरुरी थियो । सरकारले त्यसका लागि केही प्रयास गरेको पनि पाइयो । भर्खर मात्र देवानी तथा फौजदारी संहिताहरू सार्वजनिक गरिएका छन् । तर जनतालाई दिनुपर्ने अधिकारसहितको वास्तविक जनपक्षीय संहिताहरू बन्न सकेका छैनन् । यो वर्तमान शासन व्यवस्थाको असफलता हो । कुनै पनि शासन व्यवस्था सफल हुनका लागि जनपक्षीयता, नैतिकता, विचारधारात्मक तथा भावनात्मक लगाव हुनुपर्छ । त्यो वर्तमान सरकारमा देखिएन ।

सार्वजनिक गरिएका संहिताहरू महिलाका अधिकारहरू, दलितका अधिकारहरू, जनजातिका अधिकारहरू र शोषित उत्पीडित वर्गका हकअधिकारहरूलाई सम्बोधन गर्ने गरी ल्याइएका छैनन् । यी संहिताहरूमा जनतालाई अधिकार प्रदान गर्ने होइन, बरु जनतामाथि शासन गर्नका लागि प्रावधानहरू राखिएका छन् । जसले जनताका हकअधिकारहरूलाई नियन्त्रण गर्न सक्छन् ।

***महिलाहरूलाई पैतृक सम्पत्तिमाथि अधिकारको बाटो त खुला गरिदिएका छन् नि त ?***

संहिताहरूमा महिला हकअधिकारका साथै पैतृक सम्पत्तिमाथिको अधिकार ग्यारेन्टी गरिएको भनिएको छ, तर यसको कार्यान्वयन निकै चुनौतीपूर्ण छ । समाज अहिले पनि पितृसत्तात्मक छ । कानुनमा व्यवस्था गरिएको छ भन्ने बित्तिकै कोही पनि छोराहरूलाई जस्तो सर्लक्क छोरीहरूलाई सम्पत्ति दिन तयार छैनन् । यसका साथै कतिपय सम्पत्तिसम्बन्धी प्रावधानहरू महिलाको सम्पत्तिमाथिको अधिकारसँग बाझिन पुगेका पनि देखिन्छन् ।

***अंश र वंशमाथि महिलाको अधिकार ग्यारेन्टी गरिएको छ भनिएको छ त ?***

महिलाहरूमाथि अंश दिने कुरा जसरी लागू हुन समस्या छ, त्यसैगरी नागरिकताको कुरा पनि बाबुका नामबाट लिनदिन जत्तिको सहज छ, आमाबाट लिन निकै कठिनाइ छ । किनकि समाजमा महिलमाथि विभेद अझै पनि ज्युँकात्युँ छ । नागरिकता दिंदा बाबु वा आमा भनेर राखिएको छ । समाज पितृसत्ताबाट रूपान्तरण भइनसकेकाले राज्यसत्ताले पनि, प्रशासनले पनि, समाजले पनि र छोराछोरीहरूले पनि बाबुको नामबाट नागरिकता लिन र दिन चाहन्छन् ।

यसका पछाडि थुप्रै कारणहरू छन्, तीमध्ये पितृसत्ता आफैमा पहिलो कारणमा पर्छ । हालसम्म बाबुसँग रहेको पैतृक सम्पत्ति दोस्रो कारणमा पर्छ । तेस्रो सांस्कृतिक, धार्मिक र सामाजिक मान्यताहरूले पनि बाबुकै नामबाट सबै कामहरू चल्ने चलाउने गरिरहेको छ ।

***त्यसो भए छोरीहरूलाई छोराहरू सरह सम्पत्ति दिने भनेर अभियान चलाएर लैजाँदा कसो होला ?***

कानुनमा लेख्दैमा त्यो समाजमा कार्यान्वयन हुन्छ भन्ने हुँदैन, यसको कार्यान्वयनको लागि लामो समय र प्रक्रिया चाहिन्छ । सबभन्दा ठूलो कुरा समाजको पितृसत्ताको र बाबुको मनोविज्ञान परिवर्तन जरुरी छ । यसमा सयौं मुद्दामामलाहरू हुनसक्छन् । अदालतहरूले नजीर बनाएर फैसला गर्ने हुनसक्छ । कतिपय चेलीहरू अदालतसम्म नजान सक्छन् । यसको पछाडि पनि थुप्रै कारणहरू छन् । ती चेलीहरूले आमाबाबु, दाजुभाइ तथा समाजसँग पाउने थोरै सम्पत्तिका कारण सम्बन्ध नबिग्रियोस् भन्ने चाहना राख्न सक्छन् ।

यस्तो अवस्थामा राज्यसत्ताले कुन विधि र प्रक्रियाद्वारा सजिलैसँग छोरीहरूलाई सम्पत्ति दिलाउन सक्छ । त्यो खुलाइएको छैन । नेपालभन्दा अगाडि यस्ता खालका निर्णयहरू गरेका देशहरूमा पनि यो समस्या आजसम्म देखिन्छ । अर्को कुरा, बाबुसँग पनि सम्पत्ति लिने र श्रीमानसँग पनि सम्पत्ति लिने गर्दा यसले सम्पत्तिमाथिको अधिकार कस्तो हो भन्ने प्रश्न जन्माउँछ । नेपालमा यी प्रश्नहरू स्वतः जन्मन्छन् ।

***वर्तमान पुरानै भए पनि राज्यसत्तामा महिलाको नेतृत्व बाक्लो भइदिएको भए यो प्रक्रिया सहज हुन्थ्यो त ?***

संख्यात्मक हिसाबले महिला र महिला प्रतिनिधिहरूको नीति निर्माण गर्ने थलोमा प्रतिनिधित्व बाक्लो वा पातलो हुनुले केही प्रभाव त पार्छ नै । तर त्यसको साथसाथै सत्तामा सहभागी भएका प्रतिनिधित्वहरूले हामी सबैका साझा प्रतिनिधिहौं भन्ने भावना पनि राख्नुपर्छ । सबैका हकहितकाका लागि ती प्रतिनिधिहरूले काम गर्न सक्छन् भन्ने विश्वास जनतामा पनि हुनु पर्दछ ।

वर्तमान वर्गीय सत्तामा वर्गका कुराहरूले प्राथमिकता पाउने भएकाले उत्पीडित जाति, क्षेत्र र महिलाका कुराहरू पूरा हुनसक्छन् भन्ने पनि छैन । त्यो राज्यसत्तासँग र त्यसको चरित्रसँग सम्बन्धित हुन्छ । वर्तमान लोकतान्त्रिक गणतन्त्रात्मक राज्य व्यवस्था आफैमा पिछडिएको पुँजीवादी व्यवस्था हो । यसले प्रगतिशील चरित्र गुमाइसकेको छ ।

***यस्तो अवस्थामा थोरै भए पनि महिला हकहितका अधिकारहरूलाई स्थापित गर्न कस्ता खालका कार्यक्रमहरू अगाडि बढाउनु पर्ला ?***

अहिले हामीहरूको भूमिका भनेको राज्यसत्ताले प्रदान गरेको महिला हक र अधिकारका कुरा के र कति हुन् भनेर बुझाउन जरुरी छ । यसका साथै महिलाहरूको हक अधिकारका लागि प्राप्त गर्नुपर्ने अरु कुराहरू कति बाँकी छन् भनेर तुलनात्मक रूपमा बुझाउन सक्यौं भने त्यो नै सबैभन्दा ठूलो उपलब्धि हुनेछ भन्ने लाग्छ । यसो भएछ भने महिलाहरूले चाहेको अधिकार र प्राप्त गरेको अधिकारको बीचमा बाँकी रहेका अधिकारहरूको उनीहरूलाई बोध हुने छ ।

दोस्रो, राज्यले अहिले अगाडि बढाएका कुराहरू सामान्यतया सुधारका कुराहरू हुन् । यसलाई सापेक्षिक र सकारात्मक रूपमा लिंदै अघि बढाउनु पर्छ । यसका साथै विघटित हुँदै गइरहेको राष्ट्रियता, जनतन्त्र, जनजीविकाका समस्याहरूलाई आम जनताका बीचमा लैजान बढी उपयोगी हुनेछ । मूलतः देशलाई वैदेशिक उपनिवेशबाट मुक्त गरी स्वतन्त्र र आमूल परिवर्तनको दिशामा अघि बढाउन सक्यौ भने यो नै ठूलो उपलब्धि हुनेछ ।

# जनजीविकाका विषयहरूलाई लिएर सापेक्षिक संघर्ष उठानको तयारीमा छौं : *शारदा महत*



***यो पछिल्लो समयमा संगठन विस्तारको अभियान देशैभरि चलिरहेको छ। काठमाडौंको विशिष्टतामा कसरी गइरहेको छ ?***

पार्टी केन्द्रीय समितिको बैठकले सांगठनिक सवालमा फेरि तीन महिने संगठन निर्माणको अभियान थप गर्‍यो । हामी काठमाडौं जिल्लाको बैठक बसेर यो तीन महिनाको थप संगठन निर्माणको अभियानलाई काठमाडौंको विशिष्ठताका अनुसार अगाडि बढाउने निर्णय गर्‍यौं । साउन महिना हामीले भेटघाटहरू, बैठकहरू, छलफलहरूलाई अगाडि बढायौं । भदौ महिनालाई हाम्रा जति पनि जातीय मोर्चाहरू छन्, संगठन छन्, तिनका भेला र सम्मेलन गर्ने भनेर सम्मेलनको महिनाका रूपमा छुट्यायौं । असोज महिनालाई हामीले प्रचारात्मक हिसाबले लिएर जाने निर्णय गरेका छौं । मुख्यतः युवाको मार्चपासहरूलाई अलिकति अगाडि बढाउने र त्यसपछि हामीले युवाको मार्चपास काठमाडौंको जिल्लाको संयोजनमा अगाडि बढाउने भनेर सोच बनाइसकेका छौं ।

***मार्चपास भनेपछि अलि बढी क्रियाशीलता पनि आयो कि पार्टी संगठनमा ?***

युवा संगठनलाई अहिलेको सवालमा अलि अगाडि बढाउनुपर्छ भन्ने हामीलाई विगतदेखि महसुस हुँदै आएको थियो । अहिले त त्यो झन् खड्किएर आएको स्थितिले युवा संगठनलाई अलि जागरुक बनाउने सवालतिर सोचिरहेका छौं । त्यसले मार्चपास अगाडि एक हदसम्म हामीले युवालाई शारीरिक तालिम र प्रशिक्षण दिने भनेर पनि तयारी गरेका छौं । र, अन्त्यमा त्यो सबै शक्तिलाई केन्द्रीकृत गरेर असोज २३ गते हामीले व्यापक रूपले युवा मार्चपासलाई लिएर जानु जरुरी छ भन्ने सोचेर तयारीमा लागिरहेका छौं ।

***आन्तरिक सांगठनिक परिचालन र क्रियाशीलता कस्तो देखिइरहेको छ ?***

अहिले जनपरिचालनका हिसाबले र सांगठनिक क्रियाशीलताको हिसाबले एक किसिमले अगाडि बढिरहेका छौं पनि । जति हामीले चाहिरहेका छौ, त्यो अनुसारले त्यति प्रगति त हुन सकिरहेका छैन । हाम्रो आन्तरिक शक्ति जति छ, त्यो शक्तिलाई हामीले संघर्षको रूपबाट पनि केही हदसम्म सहभागी गराउन पनि सकिराखेका छैनौ । हाम्रा बैठकहरू, भेलाहरू र सम्मेलनहरू एक ढंगले एउटा गतिमा लगिराखेका छौं । तर पनि अपेक्षित आवश्यकतालाई व्यवस्थापन गर्न बाँकी नै छ ।

***अनि संगठन निर्माणको मात्रामा बढोत्तरी कत्तिको छ ?***

उपत्यकामा प्रवेशको त्यस्तो लहर त आउने गरेको छैन । यहाँको मान्छेको चिन्तनहरू अलि बजारमुखी छन् । र, उभारमुखी पनि छन् । तर केही नेता तथा कार्यकर्ताको पंक्ति निरन्तर क्रान्तिका निम्ति भनेर खटिरहेको छ, डटिरहेको छ । यो निरन्तरताले जनतामा केही थप आशा र विश्वास पनि ल्याउन सफल भएको छ । संगठनमा नयाँ तप्का चाहीं त्यति आइराखेको छैन । पार्टीमा रहिरहेका क्रान्तिकारी पंक्ति एउटा आस्था र विश्वासका साथ विचारप्रवाह गर्दै संगठन निर्माणमा लागि रहनु भएको छ ।

***जनताका बीचमा संगठन बनाउन जाँदा गाउँवस्तीहरूमा जनसम्बन्ध कत्तिको बिस्तार भएको पाउनुभएको छ ?***

जनता हाम्रो पार्टी, हाम्रो लाइनप्रति सकारात्मक नै छन् । आखिर क्रान्तिकारी पार्टी एउटा विचार बोकेको भनेको नेकपा (क्रान्तिकारी माओवादी) नै हो भन्ने बुझाइ जनताको छ । तपाईहरू नै हो र यही पार्टी मात्र केही गर्ने छ भन्ने पनि छ । तर तपाईहरू अलि कमजोर हुनुभयो भन्ने अर्को एउटा कोण पनि जबर्जस्त रहेका छ । हामीले जनतालाई र जनताले हामीलाई आश्वासन पनि दिइरहनु भएको छ । यो पार्टीको भविष्य छ र यो पार्टीले नै देशको नेतृत्व गर्न सक्छ, त्यो आशा, अपेक्षा जनताले नै गरिरहनुभएको छ । तर क्रमिक रूपले जनता राज्यसत्ताबाट वितृष्णा पैदा हुँदै गइरहेको स्थिति र हामीसँग आकर्षण बढिरहेको स्थिति अनुसार हामीहरूले नयाँ कार्यक्रमहरू अघि बढाउनु पर्छ ।

***वैचारिक आशावाद जनतामा देखियो । यसलाई के गरिएमा सांगठनिक स्वरूपमा ढाल्न सकिन्छ होला ?***

अहिले म आफूलाई यो अनुभव जनताको बीचमा जाँदा, कार्यकर्ताहरूको बीच जाँदै गर्दा पाइरहेको छु । मान्छेले आशावादी रूपमा हेरिरहेका छन् भन्ने मलाई लाग्छ । हामीले जनतालाई केन्द्रीकरण गरेर एउटा बाहिरी संघर्षका रूपमा अगाडि बढाउन सक्नु पर्छ । यसो गरेको खण्डमा आम जनता हाम्रो पार्टी र हाम्रो संघर्षतिर आउने सम्भावना ठूलै छ । अहिले हाम्रो शक्ति वैचारिक रूपमा भरपर्दो र सबैभन्दा अब्बल देखिए पनि सांगठनिक शक्तिका हिसाबले कमजोर छौं । भौतिक रूपमा अलिकति कमजोर भएका कारण जनताले अपेक्ष गरे अनुरूपको शक्ति प्रदर्शन हामीले गर्न सकिरहेका पनि छैनौ । यो भन्दा थोरै केही शक्ति प्रदर्शन गर्नसकिएमा जनताको लामबन्दी निकै ठूलो हुने देखिएको छ । तथापि आजको जनमानसमा एउटा ठूलो आशा, भरोसाको केन्द्रबिन्दु भनेका हामी नै हौं । हामीले सोचेअनुसार सिंगो काठमाडौं जिल्लाले पनि बिस्तारै मानिसहरूलाई संघर्षहरूमा आबद्ध बनाएर लिएर जाने कुरालाई नै केन्द्रीकृत गर्न थालेको छ । हामीले त्यही योजनास्वरूप नै मार्चपासलाई केन्द्रबिन्दु बनाएर अहिले सबै ठाउँमा हामीले सांगठनिक हिसाबले छलफल, बहस केन्द्रित गरेका छौं ।

अन्यत्रको सापेक्षता काठमाडौंमा केही संघर्षका कार्यक्रमहरू पनि भएका छन् । अलिकति केही झडप पनि भयो । सापेक्षतामा संघर्षलाई अगाडि बढाइराख्ने गरिरहेका छौं ।

***संघर्ष र झडपका अनुभवहरूले तपाईलाई कस्तो खालको संघर्ष अघि बढाउनु पर्ला जस्तो लाग्छ ?***

राज्य एकढंगले दमनकारी नीति लिएर उपस्थित भइरहेको छ । राज्यको यो दमनका नीतिका विरुद्ध आफै नउत्रिएर सुख नै छैन । जनताको अधिकारको निम्ति संघर्ष गर्ने अधिकार जनतामा निहित छ । आफ्ना विरुद्धमा हुने हरेक खालका दमनका विरुद्धमा जनता आफै उत्रिने छन् । मुख्यतः जनताले पाउने अधिकार नैसर्गिक अधिकार हो पनि । त्यो अधिकारलाई जसरी राज्यले पूरै बन्देज लगाउँदै गइरहेको छ, हुँदाहुँदा सरकारले जेलसम्म राख्ने भन्ने जुन ढंगको नीति लिएर आएको छ, यो पूरै जनताविरोधी छ । आन्दोलनलाई निश्चित ढंगले सोझ्याउनु पर्छ । यसका लागि सिंगो पार्टी पंक्ति प्रशिक्षित गराउने कुरा पनि जरुरी छ । अहिले सहज रूपले आन्दोलन गर्ने भन्दा पनि जसरी दुश्मनले गर्ने दमन गर्छ, त्यसको विरुद्धमा उत्रिनुपर्छ । त्यसरी उत्रियो भने मान्छेमा उत्साह पैदा हुन्छ । आन्दोलनले तागत, साहस र उत्साह पैदा गर्छ । आन्दोलनको सकारात्मक पक्ष यही हो ।

***सापेक्षिक संघर्षका कार्यक्रमहरूमा प्रवेश गर्न थाल्नुभएको हो त ?***

हो, अब संगठन निर्माणपछि संघर्षको विकल्प छैन । अब संगठनलाई क्रमशः संघर्षतिर लैजानु पर्छ । संघर्ष नगरेसम्म हामी अगाडि बढ्न सक्दैनौं भन्ने निचोडमा हामी पुगेका छौं । यो संघर्ष पार्टीको मनगढन्ते मात्र नभएर जनताको मागसँग पनि जोडिएको छ । निराशा, अभाव र उत्पीडनबाट थिचिएका जनता चौतर्फी रूपमा एक भएर उठ्न चाहिरहेका छन् । तर, त्यसको नेतृत्व कसले गरिदिने भन्ने उनीहरूको माझमा प्रश्न छ । यसले जनतामा भ्रम पैदा गरेको छ । स्वाभाविक रूपमा त्यसको नेतृत्व हाम्रो पार्टीले गर्नुपर्छ ।

अहिले भइरहेको करवृद्धि, मूल्यवृद्धि आदिले आम जनतालाई सकसको स्थितिमा पुर्‍याइदिएका छन्, राज्यले गरिरहेको जनविरोधी यी कार्यहरूको प्रतिरोध जनताको स्तरबाट हुन्छ नै त्यतिबेला नेतृत्व हामीहरूले गर्नुपर्छ । राज्य र राज्यले गरेका गतिविधिहरू नै देश र जनताको विरुद्धमा भएकाले जनता त्यसको विरुद्ध आन्दोलित हुँदैछन् । यस मानेमा जनता र हाम्रा एजेण्डाहरू मिल्छन् । यो प्रक्रियाले पार्टीलाई आन्तरिक रूपमा मजबुत बनाउँछ भने जनताको बीचमा भावनात्मक एकता, क्रियाशीलता र पार्टीप्रतिको विश्वासलाई बढाउँछ ।

***त्यसो भए जनजीविकाका कुराहरू उठाएर खुला सडक संघर्षमा आउँदै हुनुहुन्छ ?***

सैद्धान्तिक हिसाबले संघर्षको अवधारणा यही नै हो । कार्यदिशाले पनि यही कुरा नै बताउँछ, तर पनि जनताका बीचमा जनजीविकामा आइपरेका समस्याहरूलाई उठाएर संघर्षको स्वरूप दिनुपर्छ । यसैमा पार्टी देश र जनताको भलोमा छ ।

***वर्तमान राज्यलाई कसरी हेरिरहनुभएको छ ?***

वर्तमानमा वाम सरकार सत्तामा छ । जनताले सुधारका ठूला ठूला कामहरू हुन्छन् भनेर ठूलो अपेक्षा राखेका थिए । कम्युनिष्ट पार्टीको सरकार भएको हुनाले पक्कै पनि केही न केही गर्छ भन्ने आशा पनि थियो । तर आउँदै गर्दा राज्यले जसरी जनतामाथि शासन गर्नका लागि विविधखाले स्वरूप र हथ्कण्डाहरूको प्रयोग गर्न थालियो यसबाट जनता त्रसित हुन पुगेका छन् । जनता संसदीय व्यवस्थाले जो गए पनि जनताको पक्षमा काम गर्ने रहेनछ भन्ने बोध गर्न थालेका छन् । यो कुरा व्यवहारतः प्रमाणित पनि हुँदै गएको छ । ढाँट, छल र कपटका कुराहरू जनताले पचाउन सकिरहेका छैनन् । क्रमिक रूपमा जनता यो भ्रमबाट मुक्त हुँदै गएका छन् । यस्तो अवस्थामा आन्दोलन बेगर जनताका हकअधिकारहरू सुनिश्चित हुन सक्दैनन् ।

## 'भोस्टोक सैन्य' अभ्यास

# के अमेरिकाविरोधी क्याम्पको झझल्को दिंदैछ यसले ?



काठमाडौं । रुसले सेप्टेम्बर ११ देखि १५ तारेखसम्म जम्मा ५ दिन भोस्टोक सैन्य अभ्यास गर्ने भएको छ । यो अभ्यासमा आयोजक राष्ट्र रुसमात्र नभएर चीन, मंगोलिया र अन्य पनि जोडिने भएका छन् ।

सोभियत रुसछँदा गरिएको भन्दा ठूलो सैन्य अभ्यासका रूपमा यसलाई लिइएको छ । पश्चिमाहरूले यसले स्टालिनको पालाको संझना गराएको भनी टिप्पणी गरेका छन् भने रुस स्वयम्ले यसलाई सन् १९८१ मा रुसमा गरिएका सैन्य अभ्यासपछिकै सबैभन्दा ठूलो स्वीकार गरेको छ । यो सैन्य अभ्यासलाई १९८१ को जत्तिकै ठानिए पनि त्यसले रुस र अमेरिका बीचको शीत युद्धको स्मरण भने गराउँछ ।

रुसका रक्षा मन्त्री सेर्गेइ सोएगुका अनुसार यो समकालीन दुनियाँमा सबैभन्दा ठूलो सैन्य अभ्यास रहने छ । बताइएअनुसार यो सैन्य अभ्यासमा ३ लाख सैनिक प्रत्यक्ष सहभागी हुनेछन् । ३६ हजार ट्यांकहरू प्रयोगमा ल्याइने छन् भने एक हजार भन्दा बढी लडाकु जहाजहरू उक्त अभ्यासमा प्रयोग गरिने छन् ।

यसको औचित्यताको बारेमा पश्चिमाहरूका बीचमा निकै प्रश्न उठिरहेका छन् । विश्वमा व्यापार युद्ध चलिरहेको आजको अवस्थामा क्रेमलिनको सैन्य अभ्यास गर्ने घोषणाले पश्चिमा जगत तात्न पुगेको छ । यो तात्तातो वातावरणमा क्रेमलिनका प्रवक्ता दिमित्री पेस्कोभले थपेको 'आक्रामक र अमित्रवत' व्यवहार बढेको कारण भोस्टोक-२०१८ सैन्य अभ्यास गर्नुपरेको भन्ने कडा प्रतिक्रियाले उनीहरूलाई निकै झस्काएको छ । हाल रुसमा १० लाख सैन्य शक्ति रहेको छ ।

सन् १९८१ मा रुसमा गरिएको सैन्य अभ्यास नेटोका विरुद्धमा तयारीका लागि थियो । तर यस पटकको सैन्य अभ्यास कुनै मूक सैन्य गठबन्धन वा देशका विरुद्धमा लक्षित नभएको पनि बताइएको छ । तर पेश्कोभको भनाइमा अमेरिकाको दादागिरी र विश्व प्रभुत्वका विरुद्धमा रहेको बुझिन्छ ।

सोभियत रुस छँदा अमेरिकासँगको सैन्य शीतयुद्धको अवस्था थियो । तर अहिले व्यापारिक शितयुद्धको अवस्था सिर्जना हुन गएको छ । अमेरिकाले रुसमाथि नाकाबन्दी लगाएपछि रुसले आयोजना गरेको बोस्टोक सैन्य अभ्यासको महत्व रहन गएको विश्लेषकहरूको मत रहेको छ ।

पूर्व सोभियत संघको युरोपतिरको भागलाई १५ वटा गणराज्यमा विभाजित गरिदिएपछि रुस उसको विरोधी अमेरिका र युरोपसित निकै आक्रोशित छ । टुक्रिएका राज्यहरू फेरि एकताबद्ध गर्ने रुसको चाहना अझै जीउँदै छ । रुसले यसै अभियान अन्तर्गत् क्रिमियालाई पुरानो घरमा भित्र्याइसकेको छ । यसपछि पश्चिमाहरू कुनै दिन अरु गणराज्यहरू पनि फर्कन सक्ने कुरालाई लिएर निकै चिन्तित भएका छन् ।

रुसको वर्तमान सबैभन्दा ठुलो सैन्य अभ्यास र त्यसको आकर्षण र प्रभावले विश्वमा नयाँ तरंग ल्याउने निश्चित छ ।

# बाहिरिएलान् ट्रम्प विश्व व्यापार संगठनबाट ?



काठमाडौं । संरक्षणवादी आर्थिक नीति अबलम्बन गर्न पुगेको ट्रम्पको अमेरिका आजका दिनमा विश्व व्यापार संगठन (डब्लुटीओ) को विरुद्धमा उत्रिन पुगेको छ । उदारीकरण, खुलाबजार अर्थतन्त्र, विश्वव्यापीकरण र स्वतन्त्र व्यापारको आजसम्म नेतृत्व गर्दै आएको अमेरिका अब उसले अबलम्बन गर्न पुगेको संरक्षणवादी नीति विश्व व्यापार संगठनको चलिरहेको नीति विरुद्ध हुन पुगेको छ ।

आफूले नेतृत्व गर्दै आएको खुला अर्थतन्त्रको नीतिको विरुद्धमा अमेरिकी संरक्षणवादी हुन गएपछि ट्रम्पले अमेरिका अब विश्व व्यापार संगठन बाट बाहिरिने चेतावनी दिएका छन् । ट्रम्पको आफ्नै भाषामा डब्लुटीओले अमेरिकालाई अन्याय गरेको छ ।

ट्रम्पले संरक्षणवादी आर्थिक नीति अबलम्बन गरे लगत्तै अमेरिकामा आयात हुने सबै देशका सामानहरूमा बीसौं गुणा व्यापारिक कर लगाउँदै आएका छन् । अमेरिकाले लगाएको यो चीव्यापारिक करका विरुद्धमा उनका व्यापार साझेदार युरोपीय युनियनसँग सम्बद्ध देशहरू तथा चीन, रुसलगायतका देशहरूले जबाफी व्यापार कर लगाएका छन् ।


अमेरिकाले व्यापारिक कर लगाएपछि आफूहरू पनि व्यापारिक लगाउन बाध्य भएको भनी ती सबै देशहरूले यसको कारक अमेरिका नै रहेको बताउँदै आएका छन् । विश्वमा आज व्यापार युद्ध चलिरहेको छ ।

व्यापार युद्ध लड्ने क्रममा उपभोक्तामाथि परेको ज्यादती र बाध्यात्मक स्थिति सिर्जना हुन गएकोमा आफूलाई निकै अप्ठेरो परेको र त्यो पनि अमेरिकाको कारणले हुन गएको भनी डब्लुटीओमा चीनले अमेरिका विरुद्ध मुद्दा दायर गर्न पुगेको छ ।

हिंजो बन्द व्यापार नीति अख्तियार गर्ने चीन आज खुला अर्थनीतिका पक्षमा डब्लुटीओमा नेतृत्व गरिरहेको छ भने हिंजोको खुल्ला अर्थ नीतिको नेतृत्व गर्दै आएको अमेरिका आज खुम्चिन र संरक्षणवादी नीति अबलम्बन गर्न पुगेको छ ।

वास्तबमा डब्लुटीओ हिजोका कम्युनिष्ट समाजवादी देशहरूका विरुद्धमा सेता झण्डा बोक्ने देशहरूको धुरी बनेको अमेरिकाको नेतृत्वमा चल्दै आएको थियो र हो पनि । तर आज अमेरिका जस्ता देशहरू त्यो खुल्ला अर्थनीति लागू गर्न निर्माण गरिएको डब्लुटीओले आफूहरूलाई असन्तुलित र भेदभावपूर्ण व्यवहार गरिरहेको आरोप लगाएका छन् । उता चीन भने खुला अर्थनीति र खुला तथा प्रतिस्पर्धात्मक विश्व बजारको पक्षमा छ ।

# बेलायतमा इनर्जी पेय पदार्थ प्रतिबन्ध





काठमाडौं । बेलायतमा पछिल्लो पटक गरिएको स्वास्थ्यसम्बन्धी खोजमा हालसम्म निकै प्रचारमा ल्याएर बिक्रि भइरहेका इनर्जी ड्रिंक्स स्वास्थ्यका लागि हानिकारक भएको बताइएको छ । यो खोजको निष्कर्षपछि त्यहाँको सरकारले हाइजेनिक मानिने यी ड्रिंक्समाथि प्रतिबन्ध लगाइने घोषणा गरेको छ ।

बेलायती प्रधानमन्त्री टेरिजा मेले यस्तो निर्णय सरकारी स्तरबाटै लिइसकिएकाले यो छिट्टै लागु हुने बताएकी छिन् । खोजबाट प्राप्त निष्कर्षमा भनिएको छ- यी ड्रिंक्समा स्क्याफिन र चिनीको मात्रा निकै बढी हुने भएकाले यसलाई एक हानिकारक पेयका रूपमा लिइएको हो ।

यसको कम्पोजिशन र सेवनपछि यसले शरीरमा तन्दुरुस्ती भन्दा पनि अस्वस्थता ल्याउने गरेको बताइएको छ । शरीरमा अत्यधिक मोटोपन ल्याउने र अल्छी बनाउने यसका बाहिर देखिने नकारात्मकता हुन् । तर पनि शरीरमा यी पेयले अस्वस्थता पनि उत्तिकै निम्त्याउने गरेको अनुसन्धानले देखाएको छ ।

शरीर मोटो हुने र बच्चाबच्ची रिसाउने तथा ध्यान केन्द्रित पनि नहुने गराएको बताइएको छ । यसको उत्पादन तथा वितरणकर्ताहरूले यसमा रहेका कमी र कमजोरीहरू हटाउने र स्वस्थ बनाएर बजारमा ल्याउने भने पनि सरकार यसमा सहमत नभएको बताइएको छ ।

# पोप फ्रान्सिसको राजीनामाको माग



काठमाडौं । रोमन क्याथोलिक चर्चहरूमा भएका श्रृंखलाबद्ध बाल यौनहिंसाहरूको एकपछि अर्को गरी रहस्यहरू खुल्दै आएपछि धर्म गुरु पोप फ्रान्सिसको राजीनामाको माग गरिएको छ । हालसम्म हुँदै आएका बाल यौनदुराचारका घटनाहरूलाई पोपले नै ढाकछोप गर्दै आएको भन्दै बाल यौनदुराचाप्रति ईशाई धर्म गुरुहरूको शुन्य सहनशीलता रहेको विश्वास ईसाई जनमानसमा देखाएर विश्वास लिनका लागि उनको राजीनामा अनिवार्य भएको बताइएको छ ।

पश्चिमा ईशाई समाजमा पछिल्लो चरण यौन दुराचारको बढोत्तरी हुँदै जाँदा गिर्जा घरका पादरीहरूले बाल यौनदुराचारमा सबैभन्दा बढी मुछिन पुगेका छन् । तथ्यांकअनुसार अनुसन्धानमा आएका तीन सयभन्दा बढी पादरीहरूबाट हजारजनाभन्दा बढी निर्दोष बालबालिकाहरू यौन दुराचारमा परेको बताइएको छ ।

आफूले राजीनामा दिनुपर्ने मागको विरोध गर्दै पोप फ्रान्सिसले आफूले कहिल्यै पनि यौन दुराचारका घटनाहरू ढाकछोप नगरेको र यौन दुराचारमा मुछिएका पादरीहरूको अपराध अक्ष्यम्य रहेको बताउँदै आएका जिकिर गरेका छन् । तर उनले राजीनामाको बारेमा एक शब्द पनि बोलेका छैनन् ।

एकजना कार्डिनल भिगानोले पोप फ्रान्सिसले राजीनामा दिएरै चर्चहरूमा बालयौन दुराचारप्रति शुन्य सहनशीलता रहेको देखाउनु पर्ने कुरामा जोड दिएका छन् ।

# बौद्धिक व्यक्तित्वहरूको अपील 'कवि बरबर रावलगायतलाई अविलम्ब रिहा गर'

काठमाडौं । नेपालको प्रगतिशील तथा क्रान्तिकारी धारमा क्रियाशील बौद्धिक व्यक्तित्वहरूद्वारा एक अपील जारी गर्दै केही दिनयता भारतको केन्द्रीय सत्ताले वामपन्थी विचार राख्ने तथा सत्ताका फासिवादी व्यवहारको आलोचना गर्ने केही राष्ट्रियस्तरका लेखक, प्राध्यापक, वकिल, अधिकारकर्मी तथा सामाजिक कार्यकर्ताहरूविरुद्ध व्यापक धरपकड, खानतलासी र मानसिक यातना दिने जस्ता काम गरिरहेकोप्रति गम्भीर रूपले ध्यान आकृष्ट भएको भन्दै कवि वरवर राव लगायत नजरबन्द बनाइएका सबैको रिहाइको माग गरिएको छ । अपीलमा अभिव्यक्ति स्वतन्त्रताको सम्मान गर्न समेत सचेत गराइएको छ ।

प्रेसित अपीलमा 'स्मरणीय छ, भारतको ठूलो भूभागमा माओवादी विद्रोहीहरूले लामो समयदेखि नयाँ जनवादी क्रान्तिको लक्ष्य राखेर सशस्त्र संघर्ष गरिरहेका छन् । यो निश्चित रूपले राजनीतिक संघर्ष हो र भारतीय समाजमा विद्यमान अन्तर्विरोधको परिणाम हो, तर भारतीय सत्ता (विशेषतः केन्द्रीय सत्ता) ले त्यसप्रति राजनीतिक व्यवहार गर्दैन र उक्त विद्रोहलाई दबाउने नाममा लामो समयदेखि गैरन्यायिक हत्या, गिरफ्तारी र यातनाका शङ्खला चलाउँदै आएको छ । यसै क्रममा केही समयअघि महाराष्ट्रको भीमा कोरेगाँवमा माओवादीको आरोपमा दलितहरूमाथि भएको दमन अनि झारखण्डको पत्थलगढीमा भएको नरसंहारका विरुद्ध त्यहाँका बुद्धिजीवी, अधिकारकर्मी तथा लेखकहरूले आलोचना गर्दै निर्दोष नागरिकहरूमाथिको दमन रोक्नका लागि आवाज उठाइरहेका थिए" भनिएको छ ।

तर भारतीय शासकहरूलाई यो असैह्य भएपछि " माओवादी विद्रोहीहरूलाई सघाएको आरोपमा एकै दिन एकै समयमा झारखण्डका बुद्धिजीवी स्टेन स्वामी, आन्द्रप्रदेशका पत्रकार कुरमनात, पत्रकार अनाला, दिल्लीका सामाजिक कार्यकर्ता गौतम नवलखा, प्राध्यापक आनन्द तेलतुम्डे, मुम्बईका वकिल तथा अधिकारकर्मी सुसान अब्राहम, सुधा भारद्वाज र बेरन गोन्जाविल्स, पुणेका अरुण फेराका निवासमा गैरकानुनी ढंगले प्रहरी लगाई छापामारी गर्ने तथा मानसिक यातना दिनुका साथै घरमै नजरबन्द गरेको छ । सोही सिलसिलामा भर्खरै आन्ध्रप्रदेशका चर्चित कवि, लेखक तथा संस्कृतिकर्मी वरवर रावलाई सोही आरोपमा गिरफ्तार गरिएको समाचार प्रकाशमा आएको छ ।"

विज्ञप्तिमा मोदी सरकारको यो आततायी प्रकारको श्रृङ्खलावद्ध गिरफ्तारी, यातना, र राज्य आतङ्कको पलहरू कोट्याउँदै भनिएको छ- 'स्मरणीय छ यसअघि शारीरिक दृष्टिले ९० प्रतिशत विकलाङ्ग दिल्ली विश्वविद्यालयका प्राध्यापक जि. एन. साइबाबालाई माओवादीलाई सघाएकै आरोपमा नागपुर केन्द्रीय कारागारमा बन्दी बनाइएको छ ।'

विज्ञप्तिको अन्त्यतिर भनिएको छ- 'कवि वरवर राव र प्रा.साइबाबाको गिरफ्तारी र अन्य लेखक बुद्धिजीवीहरूलाई नजरबन्द बनाई उनीहरूलाई दिइएको मानसिक यातना नागरिकको विचार र आस्थाको स्वतन्त्रताका विरुद्धको निरङ्कुश चरित्रको द्योतक हो र भारतीय शासकहरूले भन्दै आएको लोकतन्त्रकै पनि खिलाफ हो भन्ने हाम्रो ठहर छ । विचार र आस्था राखेकै आधारमा धरपकड गर्नु र यातना दिनु अनि सामान्य नागरिकहरूलाई विद्रोहीलाई सघाएको आरोपमा नरसंहार गर्नु अमानवीय कृत्यसमेत हो । अतः हामी भारतीय शासकहरूको यस्तो अलोकतान्त्रिक र अन्यायपूर्ण कृत्यको तीव्र विरोध गर्दछौं र कवि वरवर राव लगायत नजरबन्द बनाइएका सबैको रिहाइको माग गर्दै अभिव्यक्ति स्वतन्त्रताको सम्मान गर्न अपील गर्दछौं ।'

# पोखरा विश्वविद्यालय उपत्यका जिल्ला सम्मेलन सम्पन्न, अध्यक्षमा शाही निर्वाचित

काठमाडौं । नेकपा (क्रान्तिकारी माओवादी) निकट अखिल (क्रान्तिकारी)को पोखरा विश्वविद्यालय अन्तर्गत उपत्यका जिल्ला सम्मेलन सम्पन्न भएको छ । सम्मेलनले जगतबहादुर शाहीलाई अध्यक्षमा निर्वाचित गरेको छ भने उपाध्यक्षमा प्रकाश विष्ट, सचिवमा अच्युत ढिगे, सहसचिवमा राहुल बज्राचार्य, अनुप सुनार र कोषाध्यक्षमा हरि न्यौपानेलाई निर्वाचित गरेको छ । त्यसैगरी सदस्यहरूमा प्रशान्त आचार्य, दिपेश चौधरी, आदित्य थापा, प्रवेश प्याकुरेल, गोकुल काफ्ले, दिपेन्द्र उखेडा, सम्राट चन्द, राजन गैरेलगायतलाई चयन गरेको छ ।

पार्टीका पिविएम तथा ३ नं. प्रदेश सचिव दिनेश शर्मा सागरको प्रमुख आतिथ्यतामा सम्पन्न सम्मेलनमा पार्टी केस तथा काठमाडौं जिल्ला इन्चार्ज सुरेश श्रेष्ठ, अखिल (क्रान्तिकारी)का महासचिव राम नेपाली, सचिव तथा ८ नं. प्रदेशका संयोजक पेशल दाहाल, कोषाध्यक्ष शिलु न्यौपाने, सचिवालय सदस्य सूर्य कार्कीलगायतका नेताहरूको उपस्थिति रहेको थियो ।

"प्राविधि तथा गुणस्तरीय शिक्षा प्राप्तिको लागि हाम्रो अभियान, अखिल (क्रान्तिकारी) पोखरा विश्वविद्यालय उपत्यका जिल्लाको पाँचौ जिल्ला सम्मेलन" भन्ने मूल नारासहित सम्मेलन सम्पन्न भएको थियो ।

# दोस्रो विश्वयुद्ध थेगेको लेनिनग्रादको युद्ध संग्राहलय

● हस्तबहादुर केसी



त्यो दिन हामी बिहानै उठ्यौं । जुन लेनिनग्रादमा रहेको युद्ध म्युजियममा जानु थियो । अघिल्लो दिन साँझ क. दिमित्रीले भन्नु भएको थियो, "भोली हामी क. स्टालिनकालिन समयमा हिटलरी नाजीवादलाई धुलो चटाएका हतियारहरूको म्युजियम हेर्न जाने छौं ।"

मलाई ज्यादै खुल्दुली लागिरहेको थियो, त्यो म्युजियम छिटै हेर्नका लागि । साँझ सुत्ने समय आयो । बिस्तारामा पल्टें । निद्रा त्यति छिटै परेन । लेनिनग्रादको हदैसम्मको चीसो ठाउँ, त्यसमा पनि त्यतिखेर बाहिर हिउँ वर्षिरहेको थियो । होटेलभित्र त न्यानो थियो । पुरै घरको कोठा हिटरले तताइरहेको थियो । रुसमा बाहिर ज्यादै ठण्डी लाग्ने, तर सबै घरहरूमा न्यानो आउने हिटर जडान गरिएको हुँदोरहेछ । मेरो कोठा पनि ज्यादै न्यानो थियो, त्यसमा पनि ओढ्ने ओछ्याउने गजबकै थिए । तर पनि भोली बिहान युद्ध संग्राहलयमा कति बेला पुगिएला भन्ने उत्सुकताले मेरो आँखामा निद्रा नै प्रवेश गरेन ।

उद्वेलित भएको मनलाई सन्तुलित बनाएर निद्राको बाटो तताउने उपायको खोजी गरे । उता राजधानी मस्कोमा बसेका बखत त्यहाँ पनि दोस्रो विश्वयुद्ध थेगेका र हिटलरका सेनालाई धुलो चटाइदिएका, युद्ध जितेका विशाल हतियार सहितको ऐतिहासिक युद्ध सङ्ग्रहालयको अवलोकन गर्ने क्रममा र अविस्मरणीय फोटाहरू खिचेको थिएँ । तत्कालै मोबाइलमा क्यामरा खोलेर तिनै फोटाहरूमाथि आँखा तरीतरी हेर्दै गए । मस्कोमा अवलोकन गरिएका हतियारभन्दा अझै आकषर्क हतियार हेर्ने मौका मिल्ने भो भन्ने कल्पनाले छोडेन । किनकि धेरै वर्ष पहिलेदेखि दोस्रो विश्वयुद्धमा रुसले जर्मनी हिटलर नाजीवादी सेनालाई रुसी भूमिमा धुलो चटाएर पितृभूमिको रक्षा गरेको बारेमा मलाई थाह थियो । यी कुरा संझदै र ती हतियारको भण्डारण आफैं देख्न पाएको मौकालाई ज्यादै सौभाग्यको कुरा ठान्दै गर्दा म निदाएछु ।

सन् २०१७ नोभेम्बर ६ तारिखको दिन । बिहान ५.० बजे उठ्दा कुहिरो लागेको थियो । बिहानको सबै नित्य कार्यसहित मर्निङ वाक गरिसकेर सामान्य शारीरिक व्यायाम पनि सिध्याई बिहानको नास्ता खायौं । साथमा कमरेड मानिक लामा हुनुहुन्थ्यो । दुवैजना गफिदै बस्यौं, चिया खायौं । त्यहीबेला एलेक्सी र लारिसा कमरेडहरू आएर "छिटो तयार हुनुहोस् हामी अब गन्तव्यतिर जादैछौं" भन्नुभयो ।

हामी हतार हतारमा तयार भएर होटेलको लबीमा जम्मा भयौं । नजिकै मेट्रो रेलवे स्टेशन थियो । त्यहाँ पुग्दा क. दिमित्री र युरोपियन टोली पनि आइपुगेको रहेछ । सबैले ४५ रुवलका दरले रकम जम्मा गर्‍यौं र क. दिमित्रीमार्फत् रेल्वेको टिकट लियौं ।

रेल्वे स्टेशनबाट हामी भित्र प्रवेश गरी दुई तल्ला तल करीब २०० मिटर भूमिगत रेल्वे स्टेशनमा झर्‍यौं । लिफ्टबाट झरेर स्टेशनमा पुग्यौं । दुवैतिरका भित्ताहरूमा लेनिनको चित्र अंकित फोटो र शालिक तथा लेनिन, स्टालिनका धेरै शालिकहरू पनि देख्यौं । प्रख्यात रुसी साहित्यकारहरूका शालिकहरू पनि बग्रेल्ती राखिएका थिए ।

क्षणभरमा मेट्रो रेल आयो । १५/२० मिनेटको यात्रा गरी एउटा स्टेशनबाट दुई तला तल लिफ्टबाट बाहिर निस्कियौं । त्यो अत्यन्तै मनोरम ठाउँ थियो, लेनिनग्रादस्थित नेभा नदीको किनारमा । ठूलो सडक, पानी परेको भए पनि क. दिमित्रीको अगुवाइमा हाम्रो टोली दनादन अगाडि बढ्यो । जादै गर्दा उत्तरतिरको रातो इट्टा रंगको विशाल भवन देखियो । त्यसको विशाल प्राङ्गनमा विभिन्न प्रकारका मिसाइलहरू, रकेटहरू, बमहरू सैनिक दफ्तर टंयाकरहरू देखिए ।

त्यहाँ पुग्ने बित्तिकै सबैले आफ्नै तरिकाले तस्वीरहरू खिचाउन थाल्यौं । मैले क. दिमित्रीसँग हिंड्नै लागेको जस्तो देखिने आधुनिक सैनिक दफ्तर टयाङ्कमा बसेर तस्वीर

खिचायौं । त्यहाँ राखिएका सैयौं मिसाइलहरू ताजा देखिन्थे । तिनकै नजिक पुगेर धेरै ऐतिहासिक तस्वीरहरू लियौं ।

अंग्रेजी दोभाषे एक जना महिला त्यहाँ आइपुगेपछि त्यो ऐतिहासिक युद्ध संग्राहलयमा प्रवेश गर्न क. दिमित्रीले सूचना गर्नुभयो । त्यो एक विशाल तथा ऐतिहासिक दुईतले भवनभित्र हामीहरू प्रवेश गर्‍यौं । पहिलो तलाबाट सुरुभएको म्युजियम अवलोकन यात्रालाई गाइडले बडो रोचक बनाउनु भयो । दुई लाइन मिलाएर विविध प्रकार र मोडलका एवं साइजका मिसाइलहरू, रकेटहरू, राइफल, बन्दुक, गोला, बारुद, बमहरू र तोपहरूसहितका अत्याधुनिक हातहतियार मिलाएर राखिएको थियो ।

ती हतियारहरू पहिलो विश्वयुद्ध (सन् १९१४-१९१८) मा जर्मन साम्राज्यवादविरुद्ध लडाइँ लड्नका लागि बनाइएका र युद्धमा प्रयोग भएका हतियार पनि हुन भने दोस्रो विश्वयुद्ध (सन् १९३९-१९४५) जर्मन हिटलरका नाजीवादी सेनालाई रुसी भूमिमा धुलो चटाएर पठाउने क्रममा रुसी सेनाले प्रयोग गरेका हातहतियार रहेछन् । त्यस्तै जर्मन सेनाबाट जफ्त गरिएका हतियारहरू पनि रहेछन् । ती कुराहरू गाइडले बताउनु भएको थियो ।

पछि संयुक्त राज्य अमेरिकासँग जल, थल, आकासहुँदै अन्तरीक्ष युद्ध ९क्तबच ध्वच० सम्मको युद्ध लड्ने क्रममा अमेरिकालाई टक्कर दिनका लागि जुन १५००० माइल दुरी मार हान्न सक्ने क्रुज मिसाइल रुसले बनाएको थियो ती मिसाइलहरूको नमूना पनि त्यहाँ प्रदर्शित गराइएको रहेछ ।

कति आकर्षक र प्रेरणादायी देखिन्छन् ती हतियारहरू । त्यहाँका हातहतियारहरूको अत्यन्तै नियालेर अवलोकन गर्ने काम भयो । त्यहाँ भनिएको थियो यहाँ १० मिलियनसम्म हतियार सामाग्रीहरू संकलित छन् । खास गरि युद्धकालिन संग्राहलयहरू नै हाम्रा लागि अवलोकनका लागि छुट्र्याइएको रहेछ । त्यहाँ संकलित सामाग्रीले जारकालिन कलाकृति र भव्यता मात्र होइन, संगसंगै अक्टुबर क्रान्ति प्रथम विश्वयुद्ध, दोस्रो विश्वयुद्ध, खास गरी हिटलरको आक्रमणका साथै ती युद्धमा प्रयुक्त प्रविधि र युद्धको त्रासदी झल्काउन सकून् भन्ने उद्देश्य पनि त्यहाँ झल्किन्छ ।

सम्पूर्ण विश्वलाई थाह छ, दोस्रो विश्वयुद्धको भयङ्कर विभीषिकामा विश्वका राष्ट्रमध्ये सबैभन्दा बढी कसैमा क्षति पुगेको थियो भने त्यो सोभियत संघ नै थियो । विभिन्न श्रोतहरूले उल्लेख गरेअनुसार त्यस विभीषिकामा २ करोड रुसी नागरिकहरूले आफ्नो अमूल्य ज्यान गुमाउनु परेको थियो ।

स्टालिनको नेतृत्वमा रुसी सेनाले दोस्रो विश्वयुद्धमा हिटलरको सेनालाई परास्त गरेर मातृभूमिको रक्षा गरेको थियो । त्यस महान् राष्ट्रिय युद्धमा प्रयोग गरिएका अत्याधुनिक हातहतियार र प्रविधि प्रयुक्त सामाग्रीहरूले भरि पूर्ण त्यो युद्ध संग्राहलयको गौरवगाथा जति गाए पनि अप्रयाप्त नै हुन्छ । आफ्नो मातृभूमिको रक्षा गर्न राष्ट्र र राष्ट्रिय स्वाधीनता प्राप्न गर्न राजनेताहरूले, राष्ट्र चलाउने जिम्मा लिएका नेताहरूले के गर्नु पर्दोरहेछ भन्ने अनुपम उदाहरण र शिक्षाको श्रोतको रूपमा रहेको, रुसको ऐतिहासिक शहर लेनिनग्राद (सेन्टपिटर्सवर्ग) मा रहेको त्यो युद्ध संग्राहलय ठूलो प्रेरणाको श्रोत बन्यो मेरो जीवनकै लागि ।

त्यस ऐतिहासिक युद्ध संग्राहलयको अवलोकनका क्रममा रुसी कम्युनिष्ट क्रान्तिकारी नेता कमरेड दिमित्री कोन्चेन्को, एलेक्सी, लारिसा लगायतका रुसी कमरेडहरू र हाम्रै टोलीहरूका बीचमा कति त सामुहिक र कति त एकल अविस्मरणीय तस्विरहरू खिच्ने काम गरियो । र करीब ४ घण्टाको अवलोकन पश्चात् त्यहाँ राखिएका हतियारहरूको झझल्को जीवनभर स्मरण हुने गरी दिलदिमागमा कैद गर्दै हामीहरू त्यहाँबाट बाहिरियौं ।

## कञ्चनपुरमा फेरि एक बालिका बलात्कृत

● धनन्जय अवस्थी

कञ्चनपुर । कञ्चनपुरकी एक किशोरीमाथि फेरि सामुहिक बलात्कार भएको छ । हिजोराती कञ्चनपुरको बेल्डाँडी गाउँपालिकामा एक १५ बर्षीया किशोरीमाथि सामुहिक बलात्कार भएको छ । किशोरीको घरमा सत्यनारायण पुजा चलिरहेको थियो । पुजाको मौकाछोपी चार युवक घरमा आए । खाना खाईसकेपछि युवकले युवतीलाई घरबाट झण्डै ३ किलोमिटर दुरी टाढा लगेर सामुहिक बलात्कार गरेको खुलेको छ । इलाका प्रहरी कार्यालय बेल्डाँडीका प्रहरी प्रमुख सुरेन्द्र बहादुर बमले बालिकाको घरमा पुजा चलिरहेका बेला मोटरसाईकलमा गएका चार युवकले फोन गरेर बालिकालाई सडकमा बोलाएर बलात्कार गरेको जानकारी दिए ।

सडकमा पुगेकी बालिकालाई अपहरणशैलीमा मोटरसाईकलमा राखेर युवकहरूले घरदेखि अर्को गाउँ जब्दा भन्ने ठाँउमा गरेर सामुहिक बलात्कार गरेको पीडित बालिकाले प्रहरी समक्ष बयान दिएकी छिन् । बलत्कार गर्ने बेल्डाँडी कै स्थानीय जनक खड्का र भानु बिष्टलाई मात्र बालिकाले चिनिन् भने बाँकी दुई जनालाई चिन्न नसकेको पीडित बालिकाले प्रहरी समक्ष बयान दिएको प्रहरी निरीक्षक बमले बताए ।

'बलात्कार गरेर चारै युवक भागे, बालिकाको दुई युवकसँग चिनजान थियो, 'बालिकालाई उदृत गर्दै बेल्डाँडी प्रमुख बमले भने, 'पीडित बालिकाले प्रहरीमा दिएको बयान अनुसार घटनामा संलग्न चारै जना युवक फरार छन् ।' फरार चारै जनाको खोजीकार्य भईरहेको प्रहरीले जनाएको छ ।

पीडित बालिकाको मेडिकलका लागि महाकाली अञ्चल अस्पतालमा लागिएको प्रहरीको भनाई छ । 'बालिका सुरक्षित छिन्', बेल्डाँडी प्रहरी प्रमुख बमले भने, 'ठुलो घटनाबाट जोगियो ।' बालिकाका परिवारले राती १ बजे बालिका हराएपछि उनको खोजीका लागि घरदेखि हिडेका थिए । राती झण्डै तीन घण्टासम्म बालिकालाई युवकले आफ्नै नियन्त्रणमा राखेका थिए । परिवारले घटना स्थल क्षेत्रमै बालिका फेला पारेपछि प्रहरीलाई खबर गरे । प्रहरीलाई खबर हुनासाथ प्रहरी घटना स्थलतिर गयो । ती बालिकाको उद्दार भयो । कञ्चनपुर प्रहरीले ती बालिकामाथि भएको घटनाको विस्तृत अध्ययन भईरहेको बताए ।

## बौद्धिक...

२८ अगस्तमा भारतीय सरकारद्वारा विभिन्न सामाजिक तथा बौद्धिक क्षेत्रमा क्रियाशिल भारतका बरबर राव, गौतम नवलखा, आनन्द तेलतुम्बडे, सुशान अब्राहम, सुधा भारद्वाज, बेरन गोन्जाविल्सलगायतका मानवअधिकार तथा सामाजिक अभियानकर्मी, पत्रकार, वकिल एवम् प्रगतिशील बुद्धिजीवीहरूलाई अनेकौं झुठ्ठा आरोप लगाई उहाँहरूका निवासमा एकै समयमा छापा मारी गिरफ्तार गरिएको र प्रहरी हिरासतमा राखेर कठोर शारीरिक तथा मानसिक यातना दिइएको कुरा विभिन्न सञ्चारमाध्यममार्फत् प्रकाशमा आएको छ ।''

दक्षिण एशियाको सबैभन्दा ठूलो लोकतान्त्रिक देश र लोकतन्त्रको संरक्षक तथा संवाहकका रूपमा आफूलाई प्रचार गराएर नथाक्ने भारतीय शासकहरूको वास्तविक चरित्रमाथि प्रकाश पार्दै विज्ञप्तिको अन्त्यमा भनिएको छ- "यो आफूलाई लोकतन्त्रको मसिहा बताउने भारतीय प्रतिक्रियावादी सरकारको चरम निरंकुशताको अभिव्यक्ति हो । हाम्रो पार्टी भारत सरकारको यस प्रकारको बौद्धिक समुदायविरोधी तथा निरंकुश गतिविधिको दृढ विरोध एवम् भर्त्सना गर्दछ । र, गिरफ्तार गरिएका सबै बौद्धिक व्यक्तित्वको अविलम्ब रिहाईका लागि जोडदार माग गर्दछ ।'

## क्रान्तिकारी...

भएकाले देशमा घटेका जनविरोधी घटनाहरूको उसले ढाकछोप नै गर्ने बताए ।

अधिवेशनबाट क. गर्जन सेक्रेटरी रहेको १७ सदस्यीय पार्टीको जिल्ला समिति निर्वाचित गरिएको छ । सदस्यहरूमा अबिरल, तेन्जीङ, सृजना, पहाड, मार्शल, आविष्कार, सबल, लेखक, सागर, विशाल, विकास, संगीन, सहेनिमार, पश्चिमा आदि रहेका छन् ।

कार्यक्रममा देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालका केन्द्रीय सदस्य तेजकुमारी थापा, देजमो गुल्मीका अध्यक्ष केशव अधिकारी, क्रान्तिकारी युवा लिग गुल्मीका संयोजक प्रगति राना, अखिल नेपाल दलित मुक्ति मोर्चा गुल्मीका संयोजक श्याम नेपाली लगायतले मन्तव्य दिएका थिए ।

पार्टी जिल्ला समिति सदस्य तेन्जिङले सञ्चालन गरेको उक्त कार्यक्रमको अध्यक्षता पार्टीका सचिव गर्जनले गरेका थिए ।

## सरकारी...

काठमाडौंका अदालतहरूमा तारेख बोक्न कुदाउने गरिरहेको छ । उनलाई चन्दा असुलेको आरोप बाहेक हालसम्म अरु कुनै मुद्दा लगाइएको छैन । उनी लगायत दर्जनौ केन्द्रिय नेता तथा कार्यकर्ताहरू गिरफ्तारमा परी हिरासत जीवन बिताइरहेका छन् । उनीहरूको रिहाइका लागि राजनीतिक पार्टीहरू, मावअधिकार संघ-संस्थाहरू तथा समर्थक शुभचिन्तकहरूले आवाज उठाइरहेका छन् ।

## क्रान्तिकारी ट्रेड...

जिम्मेवारी दिने निर्णय गरेको छ । त्यसैगरी बैठकले सेक्यूरिटी मजदुरमा दिनेश वर्तौला, धातु मजदुरमा दिनेश थापा, संघ संस्था मजदुरमा राम शरण तिमिल्सिनालाई संयोजक तोकेको छ । बैठकमा क्रान्तिकारी माओवादीका महासचिव मोहन वैद्य'किरण', पार्टी पिविएम तथा मजदुर फ्र्याक्सन इन्चार्ज दिनेश शर्मा सागर लगायत नेताहरूको उपस्थिति रहेको थियो । बैठकको अध्यक्षता तथा सञ्चालन महासंघका संयोजक इश्वर तिमिल्सिनाले गरेका थिए ।

## कविता

### अन्तिम शब्द



● कृष्णभक्त महर्जन 'कगेन्द्र'

अन्तिम शब्द
कानमा गुन्जिन्छ
मुटुमा ठोक्छ
भाले बासेर हो कि
पोथी बासेर हो
जनम जनमको सपना
जनम जनमको कल्पना
आधी यात्रामै चुँडेछ
भक्कानो फुटछ
कसरी थाम्ने
जता हेरे पनि अन्धकार
जता गए नि नर्कजस्तो
कहाँ चुक्यो
कहाँ बिर्स्यो
दिल टुक्रा छ
नाटा र नासा
बिचको सम्बन्ध
जाँचपर्तालको
कमजोरीपनमा
मौकामा चौका हानी
दुईदुई फाइदा तानी
कृष्णलिला बनाइ
रासलिलामा लिप्त
दिमाग खाली खाली
हर पल बिर्सि
काँचुली फेरेको हो कि
काँचुली छोडेको हो
सबै चिज फेरिदो
मनको तरंगमा कुस्ती
कुन दिन पछार्छ
पत्तै छैन
शब्दका बहाना बाजी
कता घुमाउँछ
घुमाउने ठाउँ धेरै
कहिले काँखमा
कहिले डोलामा
मन्द, मन्द
तछाड, मछाड
निलमणि सकिए
निलपहाड पहिरिए
स्यालको आहारा लगे
हाच्छु तनक्क ताने
न ढिलो न चाँडो
शर्बदार्थको अर्थ
कोठाबाट कोठामा
रोडबाट रोडमा
नबुझिन्छ नबुझ्छ
अन्तिम शब्दहरू............

## प्रश्नोत्तर

● नरबहादुर महरा

खोज्छन् सबै मुक्ति भनी मुक्ति ख्वै कहाँ छ ?
फ्याँकिदेऊ मनका दम्भ सारा मुक्ति त्यहीं पाइन्छ
काटिदेऊ जराहरू सबै शोषण र अत्याचारका
रोपिदेऊ मस्तिष्कमा सबका सद्बीज विचारका ।
॥१॥
शान्ति शान्ति भनी खोज्छन् सबै शान्ति ख्वै कहाँ छ ?
अन्याय, शोषण र भयमुक्त भई गरीब हाँसेको जहाँ छ
जैल्हेसम्म राज्य व्यवस्था हतियारद्वारा चल्दछ
शान्ति दूर भाग्छ अनि त अशान्ति राज गर्दछ ।
॥२॥
शान्ति नै भंग हुने गरी हतियार किन उठ्दछ ?
लोहा काट्न निम्ति पनि लोहा नै त चाहिन्छ
बन्दुकको बलमा टिकेको सत्ता बन्दुकले नै ढल्दछ
न्याय र समानता नपाइञ्जेल गोली चलि नै रहन्छ ॥
॥३॥

सूचना
राष्ट्रिय क्रान्तिकारी बुद्धिजीवी मञ्च नेपालको प्रकाशन विभागद्वारा प्रकाशित भएको विचारप्रधान त्रैमासिक
'वर्गबोध'
बजारमा उपलब्ध छ, आफ्नो प्रति बेलैमा सुरक्षित गरौं ।
प्रकाशन विभाग
वर्गबोध त्रैमासिक

## एनजीओ...

तरिकाहरू प्रयोग गरेर आर्थिक, सामाजिक र राजनीतिक रूपमा आफ्नो प्रभावमा राख्ने र त्यो देशमा आफ्नो मालवस्तु बिक्रीको डम्पिङ साइड बनाउने । आफूप्रति बफादार शासकले मन परिवर्तन भएर वा सम्बन्धित देशका देशभक्त जनताको दबाबमा स्वाभिमानी बन्न खोजेमा वा अर्को साम्राज्यवादी कित्ता परिवर्तन गर्न खोजे वा गरेमा गुप्तचर मार्फत् हत्या गरेर शासक वा शासनमा जाने रोलक्रममा भएकालाई सफाया (मारिदिने) र आफ्नो दलाललाई शासन सत्तामा पुऱ्याउने र ऊ मार्फत् त्यो देशको सम्पूर्ण दोहान गर्ने यो तरिका साम्राज्यवादीले लामो समयसम्म गरे ।

जनताले यो तरिका पनि बुझे र राष्ट्रिय स्वाधिनताको लहर चल्यो । कठपुतली र दलाल सरकारका विरुद्ध लाखौं र कराडौं जननताको प्रर्दशन मार्फत् सत्ता परिवर्तन गरेर देशभक्तहरूलाई स्थापित गराउँदै लगे । रुसी सामाजिक साम्राज्यवादको पतनपछि अमेरिकी साम्राज्यवादको एकलौटी प्रभाव रह्यो, विश्वव्यापी रूपमा । त्यसपछि उसले आफ्नो नीतिलाई अझ परिभाषित गर्दै उदारीकरण, भूमण्डलीकरण, ग्याट (जएटीटी), विश्व बैंक, अन्तर्राष्ट्रिय मुद्रा कोष, क्षेत्रीय विकास वैंक (एशियाली विकास वैंक, अफ्रिकी विकास वैंक) जस्ता ६ वटै महादेशहरूमा खडा गरेर वित्तिय शोषणमार्फत् संसार लुटेर अथाह धनसम्पत्ति थुपारेर र संसारको एक्लो बीरदादा बन्यो । अब विस्तारै यो ठाउँ चीनले लिंदै गएपछि अमेरिका आँत्तिदै गएको छ ।

विश्वव्यापीकरण, उदारीकरण, ग्याट (जीएटीटी) र ब्यारियरबिहीन विश्व आफ्नो सामान संसारको जुनसुकै कुनामा लगेर पनि विना रोकटोक बेच्न पाउनु पर्छ भन्ने अमेरिका अहिले पर्खाल लाउने, ब्यारियर तेर्साउने र २५ प्रतिशतसम्म भन्सार लगाउने ठाउँमा पुग्यो । आफ्नो देशको सामान किन्न पनि आफ्नो दलाल सरकार चाहिने, दलाल सरकार टिकाउन सैनिक क्याम्पमा राख्नुपर्ने स्मरण रहोस् अमेरिकाको विश्वका १४० ठाउँमा सैनिक क्याम्प छन् । त्यो सैनिक क्याम्पलाई खर्च धान्न नसकेर पछि हट्नु पर्ने अवस्था आयो । त्यसको दूरगामी प्रभाव पार्न गुरुयोजना बनाएर साम्राज्यवाद विस्तारवादले डिभी, चिट्ठा विश्वका बौद्धिकहरूलाई खरिद गरेर छात्रछात्रावृत्तिमा पढाउने र ब्रेनवाश (दिमागमा आफ्ना विचार भर्ने) गरेर सम्बन्धित देशमा पठाउने र आफ्नो पकडमा सम्बन्धित देश आएको बेलामा त्यो देशको शासनको कुर्चीमा विराजमान गराउने र आफू अनुकूलका निर्णय सन्धिसम्झौता गराउने रणनीति अपनाउने गरेका छन् ।

हाम्रो देशको सन्दर्भमा भारतीय र विस्तारवादले जवाहरलाल युनिभर्सिटीमा जेहेन्दार विद्यार्थी छात्रावृत्ति दिने र हिजोको भारत वर्ष खडा गर्ने गुरु योजनामा छ भनिन्छ । यो कुरा नेपालका सामान्य बौद्धिकहरूको बिचमा दिनको घामझैं छर्लङ्ग छ । त्यसैले त मानिस जस्तो सुकै होस् नियत जे होस् यदि ऊ राजनीतिमा लागेको छ भने जेएन्यु उत्पादन भन्ने बित्तिकै मानिस ओंठ लेब्र्याउने र नाक खुम्च्याउने गर्छन् । त्यसैले त महान् लेनिनले सयजना मूर्खभन्दा १० जना बौद्धिक बढी हुन्छन् भने जस्तै हिजो आज साम्राज्यवादले ब्रेनड्रेन सिद्धान्तअनुसार मूर्खहरू २०औं लाख खर्च गरेर वर्षौ लगाएर ट्र्याङ्करमा कोचिएर लुक्दैभाग्दै युरोप र अमेरिका जान्छन् । बौद्धिक दासहरूलाई दुतावासमा फर्म भर्नासाथ भिसा हानेर पीआर दिएर आफ्नो देशमा भित्र्याउँछन् । हो यही सिद्धान्त देशभित्र बसेका बौद्धिकहरूलाई विदेशी पैसामा उनीहरूको पाइलाको मूल्य तोकेर विभिन्न अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाले आफ्नो हितअनुकुल प्रयोग गर्छन ।

नेपालमा १० वर्षे जनयुद्धहुँदा यस्तै आईएन्जीओ खोलेर कोही द्वन्द्व निवारण, कोही बारुदी सुरुङ सम्बन्धी अध्ययन गर्ने जस्ता कैयौं मिशनलिएर आएका थिए । त्यस्ता कतिपय दलालहरू त शान्ति सम्झौता हुनासाथ खेती सुक्यो भनेर झण्डै हार्टफेल भएर मरेका पनि थिए । विस्तृत शान्ति सम्झौता भएपछि फेरि अर्का थरी दलाल जन्मिएका छन् । उनीहरूलाई देशमा के पर्छ कसो पर्छ केही मतलब छैन । उनीहरूलाई डलर, यूरो र पाउण्ड भए पुग्छ । देशको स्वाभिमानसँग कुनै मतलब छैन । विदेशमा उजुर गरेर कर्णेल थुनाउँछन् । साम्राज्यवादका चाकडहरू मालिकले सडकमा दिउँसै नाङ्गै नाच भने पनि डलर पचाउन सडकमा नाङ्गै नाच्छन् ।

आइएन्जीओकै कारण अघिल्लो ओली-प्रचण्ड गठबन्धन टुटेको हल्ला छ भएछ के भने प्रचण्ड अष्ट्रेलिया जान उड्न ठीक्क परेका बेला एमालेमा घुसेका साम्राज्यवादका दलालहरूले अष्ट्रेलिया द्वन्द्वकालीन मुद्धा लगाएर थुनाउ उजुर दिने तयारी गरेछन्, ओलीले त्यो कुरा थाह पाएर प्रचण्डलाई रोकेछन् । 'त्यस्ता मानिसलाई तपाई किन अनुशासित नबनाएको' भनेर प्रचन्डले सोधनी गर्दा ओलीले उनीहरू एमालेको अनुशासनभन्दा पनि बढी त साम्राज्यवादको अनुशासन पालन गर्छन् भनेछन् । त्यही रिसले प्रचण्डले ओलीसँग गठबन्धन तोडेर देउवासँग गठबन्धन गरेर प्रधानमन्त्री पड्काए भन्ने कुरा सार्वजनिक भएको थियो । त्यस कारण हिजोको एमाले पार्टी एनजीओ/आइएनजीओले चलाएको भन्ने गरिन्थ्यो र आज पनि नेकपाभित्र बहुमत पूर्व एमालेको भएकोले हालत त्यस्तै छ ।

महान् माओले एकदुई ओटा राम्रो काम गर्नु ठूलो कुरा होइन, ठूलो कुरा त जिन्दगीभरि राम्रो काम गर्नु हो भन्नु भएजस्तै हिजो एक समय निकै क्रान्तिकारी भएका साथीहरू जसले कम्युनिस्ट कार्यकर्ता उत्पादन गर्न निकै महत्वपूर्ण भूमिका खेलेका थिए । उनीहरू साम्राज्यवादी, विस्तारवादीद्वारा सञ्चालित एनजीओ र आईएनजीओमा काम गरेर पक्की घर ठड्याएर गाडीमा सरर्र हिंड्दा रोकिदा भेटिहाले भने तैले जिन्दगी खतम पारिस हुने केही होइन । यो राजनीति भन्ने कुरा बेकार हो दुई बारको जिन्दगीमा खायो पियो मोज गऱ्यो । जिन्दगी यही हो भनेर हेय दृष्टिले हेर्ने, घोच्ने र पेच्ने गर्छन् । सर्वहारा राजनीतिलाई घृणा गर्दै साम्राज्यवादी विस्तारवादी राजनीति गरिरहेका छन् ।

त्यही भएर २०७४ साल असोज २२ देखि २६ मा सम्पन्न (क्रान्तिकारी माओवादी) को राष्ट्रिय सम्मेलनले आफ्ना सदस्य साम्राज्यवादी र विस्तारवादीद्वारा सञ्चालित एनजीओ/आईएनजीओमा लाग्न पाउने छैनन् । कोही लागेका छन् भने कि पार्टी छोड्नु पर्ने कि त एनजीओ/आईएनजीओ छोड्नु पर्ने भनेर पुनः निर्णय गरेको छ । नेपालका संसदीय पार्टीहरूमा त्याग, तपस्या, जेल नेल खाएका भन्दा नव आगन्तुक एनजीओ/आईएनजीओमा काम गर्नेले पकड जमाउँदै लगेका छन् ।

खुशीको कुरा के छ भने सचेत जनताले जतिसुकै जनताको जीवनसँग जोडिएको भने पनि एनजीओ/आईएनजीओले गरेको खुल्ला कार्यक्रममा भाग लिंदैनन् र मालिकको आदेश पालना गरेको डलर पचाएको भनेर ब्यङ्ग्य गर्दछन् । यो पनि साम्राज्यवाद र विस्तारवादको अर्को असफलता हो ।

## चारघेरे...

कमाण्डो फोर्स राखियो ।

चार घेरे सुरक्षा प्रणाली अन्तर्गत सबैभन्दा भित्री घेरामा नेपाली सेना, त्यो भन्दा बाहिरको घेरामा नेपाल पुलिस, तेस्रो घेरामा सशस्त्र प्रहरी र सबैभन्दा बाहिर अनुसन्धानको सुरक्षा निकाय परिचालन गरिएको थियो ।

तर सहभागी राष्ट्र र आयोजक देश नेपाललाई मन नपरेको कुरा भनेको यी चारैघेराभित्र 'कोर'मा भारतीय कमाण्डो फोर्स राखिएको कुरा हो । यो नेपालको गाइजात्रा सकिए लगत्तै ओली सरकारको सुरक्षा गाईजात्राका रूपमा पनि नेपालीले लिने गरेका छन् ।

आम नेपाली जनतामा कौतुहलता जागेको छ कि भारतको बुख्याँचाका रूपमा खडा गरिएका ओली र उनको सरकारले सन् १९५० लगायतका सबै असमान सन्धि संझौताहरू कार्यान्वयन गर्ने कसम खाएर आएपछि नेपाललाई स्वतः भारतीय सुरक्षा छातामुनि राख्न भारतीय प्रधानमन्त्री मोदीले विभिन्न बाहनामा पटक पटक नेपाल भ्रमण गर्ने गरिरहेका छन् । यस पटकको बिम्स्टेक सम्मेलनमा त मोदीले नाङ्गै सैन्य हस्तक्षेप गरेर बिम्स्टेकका सबै सदस्यहरूलाई नेपाल भारतीय सुरक्षा छाता अन्तर्गत जाँदै गरेको तीतो अनुभूत गराका छन् ।

## शरणार्थीको...

प्रमुखहरूले दक्षिण एशियाका साझा समस्या सुल्झाउने काम गर्ने भनेको के एजेण्डा ल्याए र के काम गरे त ?

भुटानी शरणार्थी समस्या समाधान भएकै छैन । अझैं लाखौंलाख शरणार्थी झापास्थित शिविरमा नै छन् । यसबारेमा न भुटान बोल्छ, न नेपाल नै ? भारत त छिमेकी देशका आगो लगाएर रोटी सेकाई खाने देश न पऱ्यो ।

रोहिंग्या मुसलमान शरणार्थी उसै गरी अलपत्र परेका छन् । एक वर्षपहिले म्यानमारबाट बंगलादेश लखेटिएका उनीहरू शिविरको अत्यासलाग्दो अभाव र छटपटीमा दिन काटिरहेका छन् । उनीहरू सात लाख भन्दा बढी छन् । तर उनीहरूका लागि बिम्स्टेकमा कोही पनि चुँसम्म बोलेन । रोहिंग्याको 'र' पनि उच्चारण गरिएन । यो बर्मा र बांगलादेशको मात्र नभएर बिम्स्टेकका सबै सदस्य राष्ट्रहरूको साझा समस्या हो ।

बांगलादेश र भारता बीचमा नदीको पानी उपयोगको विषयलाई लिएर निकै ठूलो विवाद छ । त्यो विषयमा पनि कुरा उठेन सम्मेलनमा । नेपालको सीमाना भारतले हरेक दिन मिचिरहेको छ, त्यो सीमा अतिक्रमणका बारेमा पनि कुरा उठेन बिम्स्टेकमा ।

व्यापार पारवहनका उस्तै समस्याहरू छन् । ती पनि उठइएनन् । आखिर केका लागि बिम्स्टेक ? अनि यसको निरन्तर सम्मेलन ? भारतीय हैकम र स्वार्थको अनुमोदनका लागि फड्के किनाराका साक्षीका रूपमा बस्नका लागि साना देशहरूको उपस्थिति मात्र हो त बिम्स्टेक ?

यस बारेमा गम्भीर गृहकार्य र सोंच भारतीय पक्षले बनाउनु पर्छ । नत्र बिम्स्टेक भारतको रहर र अरु देशहरूको कहरको विषय बनेर दीगो रहने देखिदैन ।

## नेपालको...

नेपाल जस्तो भूराजनीतिक तथा भूरणनीतिक महत्वको संवेदनशील स्थानमा रहेको अवस्थितिलाई गहिरो गरी मध्यनजर गर्ने हो भने यसको सैन्य, कुटनीतिक तथा अन्य तटस्थता नेपाल र नेपालीकै लागि निकै जीवनदायी हुन जान्छ ।

नेपाली सेनाको पेशागत सैन्य दक्षताका लागि आफैले नेपालमा सैन्य प्रशिक्षक बोलाई नयाँ खालको प्रशिक्षण दिलाउन पनि सकिन्छ । तर अन्य मुलुकसँग र विशेष गरी भारतसँग यस्तो सैन्य सहकार्यले अन्तर्राष्ट्रमा राम्रो प्रभाव पार्दैन ।

तर नेपाली नेता र मन्त्रीहरूले यति सजिलैसँग जवाफ दिन्छन् कि उनीहरूलाई पत्रकार वा प्रश्नकर्ताको छिटोछिटो जवाफ दिएर घरमा पुगी भात खान हतार छ । रणनीतिक प्रभाव, आइपर्ने समस्या, निर्वाह गर्नुपर्ने दायित्व र जवाफदेहिताको वास्ता नै छैन ।

जवाफ एक शब्दमा खलास पारिदिन्छन् कि सैन्य अभ्यास प्राकृतिक प्रकोप र उद्धारका लागि गरिन मात्र लागिएको हो । रेडीमेड छ जवाफ । प्रश्नकर्ता वा पत्रकार भने सशंकित छ कि सैन्य अभ्यासलाई भारतले सामरिक र रणनीतिक हिसाबले आफ्नो स्वार्थअनुरूप डोऱ्याउन चाहेको छ । तर उनीहरूको सामन्ती अहम् यतिसम्म चुलिएको छ कि सरकारी मान्छेले आफूलाई सोच्ने गर्छन् 'राजाले हुन्न भने पछि हुन्न ।'

जापानमा एक चरणमा यस्तै थियो । दोस्रो विश्व युद्धको कालमा जापानी राजा हिरोहितोले बोलेपछि, कासन दिएपछि वा हप्काएपछि अमेरिका थुर्र काँपेर आत्मसमर्पण गर्छ र जापानीको जीत हुन्छ । तर भयो के त ? जापान अमेरिकाले खसालेको अणुपरमाणु बमले ध्वस्त भई अमेरिकाको गुलाम बनाइयो ।

बिम्स्टेकको सबैभन्दा ठूलो देश भारतले आफ्नै छिमेकी देश पाकिस्तान र चीन तथा रसियालगायतका देशहरूसँग पौठेजोरी खेल्न रणनीतिक हिसाबले दक्षिण एशियाका ससाना देशहरूलाई आफूसँग एक ठाउँमा लिएर मुछिरहेको छ । यो नेपाली जनतालाई पनि मन परिरहेको छैन ।

तर पनि बिम्स्टेकका सदस्य राष्ट्रहरूले 'बहुदेशीय फिल्ड ट्रेनिङ माइलेक्स' का नाममा भदौ २५ देखि ३१ गतेसम्म भारतीय सेनाको अगुवाइमा भारतको पुणेमा संयुक्त सैन्य अभ्यास गर्न थालेका छन् । उक्त सैन्य अभ्यासमा नेपाल, भारत, श्रीलंका, भुटान, बंगलादेश, म्यान्मार र थाइल्याण्ड रहने छन् । सहमतिअुसार प्रत्येक देशबाट ३० जना सेनाका उच्च ओहदाका सैन्य अधिकारीहरूले भाग लिने छन् ।

यसले नेपाललाई अन्धारमय असुरक्षित भविष्यतिरको यात्रामा डोऱ्याउँदै लगिरहेको छ ।

## बिम्स्टेकमा...

लागि पनि त्यत्तिकै मन र मुटु छुने विषय बन्न गयो ।

यसका साथै नेपाल आफ्नो भौगोलिक अवस्थितिका कारणले दुई ठूला छिमेकीहरूको बीचमा छ । विगतमा जस्तो भौगोलिक हिमाली श्रृङ्खला अब स्थायी अबरोध वा पर्खालको रूपमा रहन सक्दैन पनि । त्यसो त विगतमा पनि चीनसँग नेपालको सबैभन्दा पुरानो र सबैभन्दा मैत्री सम्बन्ध पनि रहँदै आएको छ ।

तर वर्तमान बिम्स्टेकमा छिमेकी मित्र राष्ट्र चीन सदस्य नरहेको र उसको उपस्थिति नभएको अवस्थामा भारतले आकारमा सबै साना सदस्य देशहरूमाथि रोब रवाफ र दादागिरी देखाउन पुग्यो । बिम्स्टेक सम्मेलन हुन र सकिन नै पाएको थिएन, तर बाहिरबाट एकलौटी रूपमा सम्मेलनपूर्व नै यही भदौ २५ देखि ३१ गतेसम्म बिम्स्टेक संयुक्त फौजी अभ्यास र सहकार्य गर्ने भनी निर्णय बाहिर ल्याइयो ।

सार्वजनिक गरिएको यो संयुक्त सैन्य अभ्यासमा प्रत्येक सदस्य राष्ट्रका ३० जना उच्च तहका सैन्य अधिकारी समावेश हुने पनि जनाइएको छ । यो भारतको पुणेमा हुने पनि बताइएको छ । यसका लागि भारतीय सेनापतिले नेपालका सेनापतिलाई निम्तो पनि पठाइसकेका छन् । नेपाली सेनापतिको भ्रमण स्वीकृतिका लागि मन्त्रीमण्डलको बैठकबाट पारित गर्न उक्त चिट्ठी पठाइएको पनि बताइएको छ ।

बिम्स्टेक शिखर सम्मेलन सकिन नपाउँदै फौजी अभ्यासका लागि एकलौटी रूपमा गरिएको भारतीय शासक वर्गको निर्णय यसक्षेत्रमा आफ्नो वर्चस्व देखाउन र बिम्स्टेक सम्मेलनलाई प्रभावित पार्न गरिएको हर्कतका बाहेक अरु केही पनि हुन सक्दैन ।

भलै फौजी अभ्यासको उद्देश्य भने प्रतिआतंकवाद, विपद व्यवस्थापन, सैन्य सहकार्य र मित्रताका लागि भनिएको छ ।

दुर्वाच्य

रामचन्द्र हुमागाई



# जङ्गबहादुर, महेन्द्र र केपी ओली

हिजोआज प्रधानमन्त्री केपी ओलीलाई राणा शासनकालका सूत्रधार वीरनरसिंह कुँवर उर्फ जङ्गबहादुर राणा र शाहवंवशका ११औं राजा महेन्द्रको दाँजोमा उभ्याएर राजनीतिक फाइदा उठाइरहेको पाइन्छ । के यी दुबैका उत्तराधिकारीका रूपमा केपी ओलीलाई लिन सकिन्छ वा कि यीभन्दा पनि माथिका नेताको रूपमा लिनुपर्ने हुन्छ ? यस विषयमा चार्चा गर्न बसिरहेको छु ।

वि. सं. १८७४ मा गोर्खाको बोर्लाङ भन्ने ठाउँमा जन्मिएका वीर नरसिंह कुँवरलाई उनैका मामा माथवरसिंहले जङ्गबहादुर नाम राखिदिएका थिए । यिनले स्कूले शिक्षा नपाए पनि पिता बालनरसिंहका साथ लागेर धनकुटा, डडेलधुरा र जुम्ला जस्ता त्यतिवेलाका ठाउँहरूमा गएर कुस्ती, बन्दुकबाजी र घोडसवार जस्ता युद्धकलामा पारङ्गत भएका थिए । उनका बाबु वालनरसिंह सेनामा जागिरे थिए । वि.सं. १८९७ मा राजा राजेन्द्र शिकार खेल्न जाँदा एक्लै जङ्गली हात्ती पक्रिएर आफ्नो अधीनमा पारेको देखेर उनले जङ्गबहादुरलाई आफ्नो अङ्गरक्षक र काजी बनाए । यिनी अत्यन्तै महत्वाकाङ्क्षी थिए । यही मौकामा भण्डारखाल पर्व, कोत पर्व र अलौ पर्व जस्ता घटना घटाएर आफू श्री ३ महाराज बने ।

उनका भाइभारदारहरूले १०४ वर्ष नेपालमा शासन गरे । राजा र जनता सबै उनको अधीनमा बस्नुपर्ने अवस्था आयो । त्यसैले राजनीतिक रूपमा यिनी निरङ्कुश शासक कहलिए तर एकवर्षको वेलायत भ्रमणपछि यिनले नेपालमा पहिलो पटक मुलुकी ऐन लागु गराए । हुन त उनको इच्छा वेलायती संसदको (अहिलेको संसदीय व्यवस्था) जस्तै संसदीय व्यवस्था लागू गर्ने योजना थियो । तर त्यतिबेलाका राजा र नेताहरूमा संसदीय चेतना नभएका कारण लागु हुन दिएनन् । खुलेर भन्नुपर्दा जङ्गबहादुर राणा दूरदर्शी रहेछन् भन्नै पर्ने हुन्छ ।

उनले लागू गरेको मुलुकी ऐन गत श्रावण मसान्तमा मात्रै खारेजीमा पऱ्यो र बीचबीचमा परिवर्तन गर्न खोजिए पनि राजा महेन्द्रले २०२० सालमा मात्रै केही परिवर्तन गर्न सफल भएका थिए । यसरी भन्नुपर्दा जङ्गबहादुर नेपालका आधुनिक निर्माता पो थिए कि भन्नुपर्ने हुन्छ । राजनीतिक अर्थमा निरङ्कुश भएता पनि व्यवहारतः उनी जनप्रिय नै थिए भन्ने कुरा इतिहासले बताउँछ । काण्ड, पर्व र काटमार त राजनीतिको एक प्रकारको रूप नै हो, जसको शक्ति उसैको भक्ति । त्यो पनि त्यति पुरानो जमानामा । कुनै काममा पनि पाखुरी बलियो भएर मात्रै पुग्दैन, छाती दह्रो हुनु जरुरी छ । जङ्गबहादुरको पनि छाती दह्रो भएकाले विद्रोह मच्चाएर सत्ताप्राप्ति गरेको इतिहासले बताउँछ ।

शाहवंशका राजा महेन्द्र । उनको शासनमा रमाउने, डामिने र थामिने मानिसहरू अहिले पनि प्रसस्तै छन् । राजनीति गर्नेहरू निकै डामिए, चाकडी गर्नेहरू निकै थामिए र राणाहरूको अगुल्टोमा डामिनेहरू निकै रमाएका छन् । तर, महेन्द्रको पालामा आर्थिक घोटाला गर्नेहरू अहिले पनि महेन्द्रको फोटो खोपामा राखेर पुजिरहेका छन् । किनभन्दा महेन्द्रले आर्थिक अनुशासन कायम गर्न सकेका थिएनन् । त्यसैको प्रतिफल हो अहिलेको समाज । धनी हुने धन कमाइरहने र गरिब हुने पेटभरि खान पनि नपाउने अवस्थामा पुगेको । एउटा व्यक्तिले कति असर पार्छ भन्ने उदाहरण पनि हो यो ।

तर, महेन्द्रले आर्जन गरेका सबै उद्योगधन्दा २०४६ सालपछि नेपाली कांग्रेसको सरकारले बेचेर खायो । यसको कुनै लेखाजोखा छैन । बेचिएको सरकारी सम्पत्ति कहाँबाट कति आयो र कहाँखर्च भयो, त्यसको तथ्याङ्क राख्नु पर्थ्यो । अर्को कुरा, स्वदेशी उद्योगहरू बेचेर नेपाली जनतालाई बेरोजगार बनाएर विदेश पलायन गराउनुलाई राजनीति भनिदैन । महेन्द्रभन्दा अगाडिका न त नेताले कही गरे, न राजाले नै केही गरे । महेन्द्रपछिका राजाले पनि सम्पत्ति आर्जन गरे, नेता त झन् डुडुल्नाबाट पनि हसुर्न तत्पर रहे । यसैको प्रतिफल केपी ओलीले व्यहोरिरहेका छन् । भनाइ खाइरहेका छन्, 'केपी ओलीली जङ्गबहादुर र महेन्द्र भन्दा पनि चण्डाल छन्' । हुन पनि यतिबेला चण्डाल भएन भने शासन व्यवस्था चलाउन पनि सकिदैन, त्यसैले होला केपी ओली निर्धक्क शासन गरिहेका छन् र भनिरहेका छन्, ' शान्त नेपाल, समृद्ध नेपाल' ।

भनेर मात्रै हुँदैन । नेपाल त्यसै पनि समृद्ध र शान्त पनि छ । यदि समृद्ध थिएन भने राजनीतिक काटमार निकै पहिले भैसक्ने थियो, शान्त थिएन भने आफ्नो देशमा गणतन्त्र स्थापना गरेपछि विदेशी बजारमा पाखुरी बेच्न युवाहरूको जमात हानिदैनथ्यो । दिनको ४/५ वटा मूर्दा बाकसमा आउँदा पनि जोखिम मोलेर देशलाई माया गर्ने युवाहरू विदेश हानिएकै छन् ।


केपी ओलीले जङ्गबहादुरको जस्तो कोत पर्व, भण्डारखाल पर्व र यस्तै खाले पर्वहरू मच्चाएर सत्ताको दाबी गरिरहनु पर्दैन । भारतमा महात्मा गान्धीले सत्याग्रह गरे, राजनीति जवाहरलाल नेहेरुले गरे । तर, विकास निर्माणको काम नरेन्द्र दामोदर मोदीले गरिरहेका छन् । त्यस्तै निरङ्कुश शासनको अपजस जङ्गबहादुर र महेन्द्रले लिए, कोपी ओली १४ वर्ष बसेर प्रधानमन्त्री भएका छन् । जनताले लडाइँ गरेर गणतन्त्र स्थापना गरे । विकास र निर्माणको जिम्मा दिएर केपीलाई जनताले आफ्नो बहुमल्य मत दिएर 'ल तिमी यो देशमा शान्ति र समृद्धिको स्थायित्व गर' भनिसकेका छन् । यो हिसाबले केपी ओली जङ्गबहादुर र महेन्द्र भन्दा पनि भाग्यमानी छन् ।

तर, जनताले केपी ओलीको मात्रै मुख हेरेर हुँदैन र पुग्दैन पनि । उनको टिममा को कस्ता र कति छन् ? भ्रष्टाचार गर्ने र नगर्ने कति छन् ? उनका सहयोगी निष्कलङ्कित हातहरू कति छन् ? मुलुकमा भएका सम्पदाहरूको संरक्षण गरेर दृश्य व्यापार गर्ने र आर्थिक आर्जन गर्ने कति छन् । पार्टी भित्र गुट उपगुटमा को को लागेका छन् ? समाचारमा आउँछ, 'फलानाले सिफारिश गरेको नेतालाई फलानाले स्वीकार गरेन' यो गुट र उपगुटको प्रमुख को हो ? किन र केका लागि यस्तो गुट र उपगुट बनिरहन्छ ? यसलाई जनताले तलैबाट नियाल्नु आवश्यक छ । जीवनभर पार्टीमा लागेर कुर्सीमै बाँधिएर आर्यघाट जानुपर्छ भन्ने पनि केही छैन । राजनीतिमा पनि अवकाश लिने र आराम गर्ने बानी बसाल्नु पर्छ । मनमोहन अधिकारी र मदन भण्डारी जस्ता नेतालाई सुलीमा चढाएर बनेको पार्टीले भरतमोहन अधिकारी, झलनाथ खनाल र माधव नेपाल जस्ता उमेर नपुगे पनि एक्स्पायर भएका नेताले आराम लिनु पर्छ ।

हुन त केपीले राजनीतिक सिद्धान्तलाई जामानामै लङ्गौटी नलगाएका होइनन्, तर सिद्धान्तको पगरी गुथेर प्रतिक्रियावादीलाई मात्रै पृष्ठपोषण गरिरहनु पर्छ भन्ने केही छैन । केही न केही, कोही, कहीं न कहीं बली नचढी समाज सुध्रदैन । त्यो बदिवेदीमा यत्तिवेला केपी ओली चढेका छन्, हेरौं सकुशल अवतरण गर्छ कि गर्दैनन् ।

आरामदायी र भरपर्दो यात्राका लागि हामीलाई सम्झनुहोस् ।
मितेरी यातायात एण्ड अटो प्रा.लि.
प्रधान कार्यालय : कलंकी, काठमाडौं
फोन नं. : ०१-५२२५२८१, ५२२५०३४
बिक्की शर्मा गुरागाँई (९८५११९५८८९)
तेह्रथुम सम्पर्क : डिल्लराम रेग्मी (९८५२०६०२५४)
फोन नं. : ०२६-४६०२५४
कृपया, टिकट र रिजर्भका लागि हामीलाई सम्झनुहोस् ।


आरामदायी र भरपर्दो यात्राका लागि हामीलाई सम्झनुहोस् ।
नारायणी यातायात व्यवसायी संघद्वारा संचालित
टाटा सुमो सेवा
काठमाडौंबाट- हेटौडा, वीरगंज, चपुर, निजगढ, रानतुर
फोन नं. : ०१-५१८०२९६
बल्खु, काठमाडौं ।

रोयल बुईपा A/C जम्बो हाईस

गाईघाट-लहान-खुर्कोट हुँदै काठमाडौंसम्म
काठमाडौं सम्पर्क नम्बर
बसन्त खड्का - ९८४२८३७७९३
- ९८१७७१९६९७
ईन्द्र कट्टेल - ९८१६४१५२९०
गाईघाट सम्पर्क नम्बर
फोन नं. ०३५-४२१६४३
पुरुषोत्तम खनाल - ९८५२८३५६९०
- ९८१५७८४८७४
दैनिक दिवा सेवा तथा आरामदायी र भरपर्दो यात्राको लागि हामीलाई सम्झनुहोस् ।

हिमाल-तराई यातायात सेवा समिति
यहाँ काठमाडौंबाट सिन्धुली, बर्दियावास, ढल्के, जनकपुर, जलेश्वर, लालबन्दी, बयलवास, रामेछाप, मन्थली, च्यास्कु, भालुथोक, घुर्मी, बेतिनी, कटारी, गाईघाट, जयराम, हलेसी, दिक्तेल, मानेभञ्जाङ, ओखलढुंगा, सोलु, सल्लेरी, भीमान, मरिन, डकाहासम्मको टिकट पाइन्छ ।
टाटासुमो बोलेरो
काठमाडौं फोन
१-५१००४९४
९८४११०६९६७
(सञ्जीव भण्डारी)
९८४४४०३१५९
(शम्भु थापा)
(रिजर्भ चाहिएमा)
सिन्धुली फोन
०४७-५२११६९
०४७-६९१३३२
९७४४०२२७३५
९८४४२५२३८५
९८१२०७५६९८
९८६०१०२७३७
९८४४०८४०
रिजर्भ चाहिएमा सम्पर्क
सानोभाई फलफूल एण्ड जुस भण्डार
सिन्धुली जुनार भवन ९८४४२५२३८५
९८४४०७६२६१, ९८३१२८४३०

## आलोपालो

# मोदीले उठाएको 'बौद्ध सम्मेलन' को चक्र ?



● कुमार शाह

काठमाडौंमा भदौ १४ र १५ गते सम्पन्न भएको बिम्स्टेकको चौथो शिखर सम्मेलनबाट भारतीय प्रधानमन्त्री तथा चरम हिन्दुवादी नेता नरेन्द्र मोदीले भारतमा यही अगस्ट २४ मा बौद्ध सम्मेलनको आयोजना गरिन लागेको सार्वजनिक गरे । उनले दक्षिण एशियालाई बिम्स्टेकको छातामुनि हिंडाउने परिकल्पना गर्दै त्यसका लागि थप आवश्यक रहेको भावनात्मक सम्बन्ध विस्तारका लागि भारतमा बौद्ध सम्मेलन गरिन लागेको खुलासा पनि गरे ।

मोदीले बिम्स्टेक सम्मेलन सम्बोधनका क्रममा बिम्स्टेक राष्ट्रहरूसँग काँधमा-काँध मिलाएर अगाडि बढ्न सधैं तयार रहेको बताउँदै यी विकासोन्मुख सदस्य राष्ट्रहरूलाई थप भावनात्मक रूपमा बौद्ध धर्मले जोड्ने पनि बताए । यसै कुरालाई मध्यनजर गरेर भारतमा यही अगस्त २४ मा बौद्ध सम्मेलन गरिन लागेको भन्दै उक्त सम्मेलनमा सबै बिम्स्टेक सदस्यहरूलाई सहभागिताको लागि आह्वान पनि गरे ।

त्यसपछि चरम हिन्दुवादी नेता मोदीले बौद्ध सम्मेलन किन र कसका लागि अनि कसका विरुद्ध गर्दै छन् भन्ने प्रश्नले राजनीतिक वृत्तमा हङ्गामा ल्याएको छ । ओपन सेक्रेटका रूपमा आएको यो मोदी प्रस्ताव बिम्स्टेक सदस्य राष्ट्रहरू कसैले पनि इन्कार गरेनन् । र, गर्नसक्ने हैसियत पनि छ जस्तो लाग्दैन ।

पहिलो कुरा, मोदी एक चरम हिन्दुवादी नेता हुन् र उनले हिन्दुत्वको कोणबाट राजनीतिक विषय र परिवेशको निरीक्षण, परीक्षण र व्याख्या गर्दछन् । धार्मिक हिसाबले उनले हिन्दु एक्लैले दक्षिण एशियामा हैकम जमाउन नसक्ने देखेका छन् । त्यसैले बौद्ध संप्रदायसँग जोडिएर उनी अघि बढ्न चाहिरहेका देखिन्छन् ।

दोस्रो कुरा, बौद्ध धर्म र त्यसको प्रभावमुनि उनले चीनको छाँया देख्ने गरेका छन् । त्यसैले उनले धार्मिक साम्प्रदायिक विषयमा बौद्धधर्मलाई 'उपयोग गर्ने' सबैभन्दा उत्तम कुरा मानेका हुनक्छन् । यो उपयोग दुई भिन्न अर्थमा सार्थकता रहन गएको देखिन्छ । पहिलो हो, दक्षिण एशियाको आन्तरिक मामलामा हरेक हिन्दुवादी कदममा सकेसम्म बौद्ध धर्माबलम्बीको सहयोग, नभएमा तटस्थताको जरुरी । दोस्रो हो, भारतमा शरण लिइरहेका दलाई लामालाई बौद्ध धर्मकै सम्मेलनका नाममा सक्रिय बनाएर चीनसँग बार्गेनिङ पावर बढाएर राखिरहनु पर्ने रणनीतिक तथा कुटनीतिक पहलको आवश्यकता ।

तेस्रो हो, दक्षिण एशियामा रहेका मुसलमान देशहरूलाई पाकिस्तानसँग सहकार्य गर्नबाट टाढा मात्र बनाउने तर उनीहरूको धर्म र गतिविधिलाई बढावा नदिने । यसैसँग जोडिएको अर्को पक्ष हो, बौद्धधर्माबलम्बी र मुस्लिम धर्माबलम्बीलाई कुनै पनि काम र कारणले एक हुन नदिने । एक हिन्दुवादी हुनुको कोणबाट कुरा ठीकै पनि कहाँ हो भने उनले मुस्लिम सम्मेलनका बारेका एक शब्द पनि बोलेका छैनन्, जब कि भारतमा हिन्दुपछिको ' सेकेण्ड मेजोरिटी'मा मुस्लिम आउँछन् ।

चौथो र महत्वपूर्ण कुरा त के हो भने आस्था र विचारका हिसाबले वामविरोधी मोदी आफैले नेपालमा वाम नामको बहुमतको सरकाररूपी घोंडा बनाई चढेर छम्छमी नेपालभर बेरोकटोक यात्रा गरिरहेका छन् । आफ्नै कमाण्डो फोर्स लिएर दाइँ लगाउँदै हिंडेका छन् । त्यसैले उनी एकपटक दक्षिण एशियामा रहेका बौद्ध धर्माबलम्बीहरूलाई दलाई लामाको नेतृत्व वरपर जम्मा गराएर चीनसँग पनि लिलाम बढाबढको वातावरण सिर्जना गर्न सकिन्छ कि भन्ने दाउँमा मसक्कै आँटेर लागेका देखिन्छन् ।

पाँचौ कुरा, मोदी जस्ता अति महत्वाकांक्षीहरूका अगाडि आज विश्वमा नयाँ कुराका क्षितिजहरू खुलिरहेका छन् । रुस अमेरिकी नाकाबन्दीको धज्जी उडाउँदै चीन र मंगोलियाको साथ लिएर घोषित रूपमा अहिले सम्मकै सबैभन्दा ठूलो 'भोस्टोक सैन्य अभ्यास'मा जुटेको छ । एक लाख सेनाको संयुक्त सैन्य अभ्यास ख्यालका कुरा होइनन् । एक हजार युद्धक विमानको अभ्यास चानचुने पनि होइन र ३६ हजार बख्खतबन्द ट्र्यांकहरूको पिसाइ र जुधाइ कम पनि छैन ।

अमेरिका जति धाक लगाए पनि उत्तर कोरियाको समकक्षी बन्न पुगेको छ । युरोप फुटेको छ । अमेरिका र युरोपको बीचमा नजानिदो वैमनस्यता पलाउँदै जान थालेको छ । चीनले भूटानस्थित दोक्लाममा भएको 'दोक्लाम सैन्य घटना'मा भारतको अन्तर्राष्ट्रिय बेइज्जत गराएको छ । हिंजोको कम्युनिस्ट चीन आज खुला अर्थतन्त्रको पक्षपोषण गर्दै छाति फुलाएर विश्वमा अघि बढिरहेको छ, तर अमेरिका संरक्षणवादी अर्थनीतिको कुरा गर्दै साँघुरिन पुगेको छ । आज चीन विश्व व्यापार संगठन (डब्ल्युटीओ) को मुख्य दाबेदार बन्दै गइरहेको छ । अमेरिका डब्ल्युटीओबाट बाहिरिन सक्ने चेतावनी दिँदै आत्मसुरक्षाको तारबारको घेरा खोज्दै छ ।

एउटा तीतो सत्य के हो भने जब कुनै देशमा पनि र विश्वमा पनि एकछत्र राज गर्दै आएको देश, संस्था वा दादाको वर्चश्व गुम्न थाल्छ, तब क्षेत्रीय तथा इलाकीय सरदारहरूको उदय हुन थाल्छ । भारतको पनि एक क्षेत्रीय दादाको रूपमा उदय हुन सक्ने र हिन्द महासागर आफ्नो युद्ध क्रिडास्थल बनाउन सक्ने अनुमान मोदीले लगाउन थालेका देखिन्छन् । उनी युरोप, अमेरिका, दक्षिण अमेरिका, अफ्रिका, उत्तर एशिया आदि हुँदै गर्दा आफू पनि दक्षिण एशिया निर्माणमा गरी सिंगौरी खेल्ने धयाउन्नमा लागेका देखिन्छन् ।

यी सबै अन्तर्रास्ट्रिय परिदृश्यमा मोदी दक्षिण एशियामा खेल्न खोजिरहेका छन् । बिम्स्टेक राष्ट्रुबीचमा सैन्यअभ्यासको कुरा पनि यसैको अभिव्यक्ति हो । र, पाकिस्तान विनाको दक्षिण एशियाको खोजी र बिम्स्टेको क्रियाशीलता पनि यसैको उपज हो ।

मोदीले चौथो बिम्स्टेक सम्मेलनको अध्यक्ष राष्ट्र नेपालको राजधानी शहर काठमाडौंबाट उठाउन चाहेको बौद्ध सम्मेलनको चक्र यी माथि उल्लेखित परिस्थितिको आँकलनसहित त्यसको सामनाका लागि शक्ति संचय गर्न उठाउन खोजेको संभावित अस्त्र हो ।

# देजमो महोत्तरीको संयोजकमा रामलोचन महतो

महोत्तरी । देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपाल महोत्तरीको भेलाले रामलोचन महतोलाई जिल्ला संयोजकमा चयन गरेको छ । भदौ १५ मा सम्पन्न उक्त भेलाले महतोको नेतृत्वमा ९ सदस्यीय जिल्ला समिति गठन गरेको हो । भेलाले सहसंयोजक ज्ञानलाल महतो, सदस्यहरूमा रामसरोबर यादव, सुनिलकुमार महतो, फेकन महतो लगायतलाई चयन गरेको छ । उक्त भेलामा नेकपा (क्रान्तिकारी माओवादी) का पोलिटब्युरो सदस्य तथा प्रदेश नं २ का सेक्रेटरी कृष्णदेब सिंह दनुवार, देजमोका केन्द्रीय सचिवालय सदस्य हरिकृष्ण गजुरेल, क्रान्तिकारी माओवादीका केन्द्रीय सदस्य तथा महोत्तरी जिल्ला इन्चार्ज महेश यादव, जिल्ला सेक्रेटरी उपेन्द्र यादवलगायतको उपस्थिति रहेको थियो ।

त्यसैगरी, मोर्चाको महोत्तरी क्षेत्र नं. ३ मा भदौ १७ गते सम्पन्न एक भेलाले ७ सदस्यीय निर्वाचन क्षेत्र स्तरीय कमिटि गठन गरेको छ । भेलाले उक्त कमिटिको संयोजकमा मोहन मण्डल र सदस्यहरूमा रामजस महतो, रामनन्दन दास, रामेश्वर दास, रामएकवाल साह लगायतलाई चयन गरेको छ । उक्त भेलामा मोर्चाका केन्द्रीय सचिवालय सदस्य हरिकृष्ण गजुरेल, क्रान्तिकारी माओवादीका केन्द्रीय सदस्य तथा जिल्ला इन्चार्ज महेश यादव, सक्रेटरी उपेन्द्र यादव, मोर्चाका जिल्ला संयोजक रामलोचन महतो, सहसंयोजक ज्ञानलाल महतोको समेत उपस्थिति रहेको थियो ।

# देजमो नवलपुरको अध्यक्षमा पिताम्बर तिवारी

नवलपुर । देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपाल नवलपुरको हालै सम्पन्न भएको प्रथम जिल्ला सम्मेलनले पिताम्बर तिवारीको अध्यक्षतामा २१ सदस्यीय जिल्ला कमिटि निर्माण गरेको छ ।

प्राप्त समाचार अनुसार सम्मेलनले उक्त कमिटिको उपाध्यक्षमा गीतामाया पाण्डे, सचिवमा कल्पना विन्दु गौतम र कोषाध्यक्षमा यमबहादुर सोमैलाई सर्वसम्मत चयन गरेको छ । त्यसैगरी, सदस्यहरूमा मनोहर केसी, लोकबहादुर कुमाल, सुशिल रानाभाट, होमबहादुर कुमाल, शोभा जिसी, शिवबहादुर दराई, शिवराज महतो, ऋषिराम विक, मित्रलाल गुरुङ, नन्दलाल श्रेष्ठ, मणि न्यौपाने, चन्द्री घर्ति मगर, लोकबहादुर क्षेत्री, टेकबहादुर राना लगायत चुनिएका छन् ।

कावासोतीमा भएको सम्मेलनको देशभक्त जनगणतान्त्रिक मोर्चा नेपालका केन्द्रीय अध्यक्ष सिपी गजुरेल गौरवले उद्घाटन गरेका थिए ।

पिताम्बर तिवारीको अध्यक्षतामा सम्पन्न उक्त सम्मेलनमा क्रान्तिकारी माओवादीका ४ नं. प्रदेश सचिव श्याम, जिल्ला इन्चार्ज अनुकुल, हरिकृष्ण गजुरेल, उत्तम थापा लगायतले शुभकामना मन्तव्य राखेका थिए । कार्यक्रमको सञ्चालन टिकाराम काफ्लेको गरेका थिए ।

# पत्रकारहरूले प्रजिअमार्फत् बुझाए प्रधानमन्त्रीलाई ज्ञापनपत्र

नवलपरास । पत्रकार रवि पाण्डेलाई कुटपिट तथा दुर्व्यबहार गर्ने घटनामा संलग्नलाई प्रहरीले पक्राउ नगरेको भन्दै पश्चिम नवलपरासीका पत्रकारहरूले जिल्ला प्रशासन कार्यालय मार्फत् प्रधानमन्त्रीलाई ज्ञापनपत्र बुझाएका छन् ।

मंगलबार जिल्ला प्रशासन कार्यालयमा पुगेका पत्रकारहरूको टोलीले घटनाका दोषी उपर कडा कारबाहीको माग गर्दै ज्ञापनपत्र बुझाउनुका साथै सांकेतिक रूपमा कलम कापी समेत बुझाएका छन् ।

पश्चिम नवलपरासीका पत्रकार तथा संचारमाध्यमका तर्फबाट बर्दघाट संचार कल्बका अध्यक्ष नारायण भण्डारीले सो ज्ञापनपत्र प्रमुख जिल्ला अधिकारी देवेन्द्र लामिछानेलाई बुझाएका थिए । पत्रकारहरूले सांकेतिक रूपमा विरोध स्वरूप आफ्ना कापी तथा कमल समेत बुझाएका थिए ।

जिल्लाको शान्ति सुरक्षा लगायत बिभिन्न बिषयमा जिल्ला प्रशासन कार्यालयमा आयोजित पत्रकारहरूसँगको अन्तर्क्रिया पश्चात् सो ज्ञापनपत्र बुझाइएको हो ।

जिल्ला प्रहरी कार्यालय नवलपरासीका प्रमुख तथा प्रहरी उपरिक्षक राजेन्द्र प्रसाद भट्टसहित सुरक्षा प्रमुखहरू समेतको उपस्थितिमै ज्ञापनपत्र दिइएको थियो ।

सो अवसरमा नेपाल पत्रकार महासंघका केन्द्रीय सदस्य पुरुषोतम सुवेदीसहित पश्चिम नवलपरासीका सबैजसो संचारमाध्यामका प्रमुख एवम् प्रतिनिधिको सहभागिता रहेको थियो ।

दिन दहाडै पत्रकारमाथि कुटपिट तथा दुर्व्यबहार हुँदासमेत प्रहरी प्रशासन मुकर्दशक बनेको भन्दै पत्रकारहरूले सुरक्षा माग गरेका थिए । बुझाइएको ज्ञापनपत्रमा पत्रकारहरूको सुरक्षाको प्रत्याभुति गर्न प्रधानमन्त्रीलाई ध्यानाकर्षण गरिएको छ । सो क्रममा प्रमुख जिल्ला अधिकारी देवेन्द्र लामिछानेले पत्रकारको सुरक्षाका लागि आफु सँधै संवेदनशील रहेको बताउँदै छिट्टै त्यसको नतिजा आउने प्रतिबद्धता जनाएका थिए ।

नेपाल पत्रकार महासंघ नवलपरासीका सदस्य तथा स्थानीयपत्र साप्ताहिकका प्रबन्ध निर्देशक पत्रकार रवि पाण्डेमाथि दोहोरो कर सम्बन्धी समाचारको बिषयलाई लिएर बर्दघाट बजारमै कुटपिट तथा दुर्व्यबहार गरिएको थियो ।

## अखिल नेपाल तामाङ राष्ट्रिय मुक्ति मोर्चा भक्तपुरको जिल्ला भेला सम्पन्न

● विष्णु आले 'विकिरण'

भक्तपुर । अखिल नेपाल तामाङ राष्ट्रिय मुक्ति मोर्चा भक्तपुर जिल्लाको जिल्ला भेला सूर्य विनायकको चुनदेवीस्थित गलैंचा कारखानामा शनिवार बिहान भव्य रूपमा सम्पन्न भएको छ । संगठन विस्तार तथा जनपरिचालन अभियानअन्तर्गत पार्टी तथा जनवर्गीय संगठनहरूको गठन, पुनर्गठन तथा भेला र सम्मेलन सम्पन्न गरिँदै गर्दा यो भेला सम्पन्न भएको गरिएको हो ।

भेलाले पदम लामाको संयोजकत्वमा ९ सदस्यीय जिल्ला समिति चयन गरेको छ । गठित समितिको सहसंयोजकमा ज्ञानबहादुर तामाङलाई चयन गरिएको छ । समितिका सदस्यहरूमा दिनेश लामा, मदन तामाङ, पदम तामाङ, माया असली तामाङ र दिलमाया लामा चयन भएका छन् ।

भेलाका प्रमुख अतिथिमा क्रान्तिकारी माओवादी भक्तपुर जिल्लाका जिल्ला इञ्चार्ज क. जीवन र अतिथिमा जिल्ला सेक्रेटरी क. विवेकको उपस्थिति रहेको थियो । त्यसैगरी विशेष अतिथिका रूपमा अखिल नेपाल तामाङ राष्ट्रिय मुक्ति मोर्चाका केन्द्रीय सहसंयोजक सुरेश तामाङको उपस्थिति रहेको थियो ।

भेला पदम लामाको अध्यक्षतामा सम्पन्न भएको थियो ।


## क्रान्तिकारी माओवादीको कञ्चनपुरको बेदकोट नपा भेला सम्पन्न

कञ्चनपुर । कञ्चनपुर जिल्लाको बेदकोट नगरपालिकामा नेकपा (क्रान्तिकारी माओवादी)को नगर भेला सम्पन्न भएको छ । सो भेलाले प्रकास संयोजकत्वमा १३ सदस्यीय नगर कमिटि गठन गरेको छ । सो भेलालाई कञ्चनपुर जिल्ला इन्चार्ज क्षितिज र कञ्चनपुर जिल्ला सचिव विक्रान्तले सम्बोधन गरेका थिए ।

## क्रान्तिकारी युवा लिग रौतहटको जिल्ला भेला सम्पन्न

रौतहट । क्रान्तिकारी युवा लिग, रौतहटको जिल्ला भेला भदौ १३ मा सम्पन्न भएको छ । सो भेलाले फर्मुला हकको संयोजकत्वमा २१ सदस्यीय जिल्ला समिति गठन गरेको छ । सो भेलालाई नेकपा (क्रान्तिकारी माओवादी) रौतहट जिल्लाका इन्चार्ज नवीन र जिल्ला सचिव संघर्षले सम्बोधन गरेका थिए । यसैगरी, भदौ १६ गते रौतहट जिल्लाको मुशिलम मुक्ति मोर्चाको जिल्ला भेला सम्पन्न भएको छ । सो भेलाले साह मोहमदको संयोजकत्वमा १९ सदस्यीय जिल्ला समिति निर्माण गरेको छ ।







**प्रकाशक** : रामसिंह बुढाथोकी, **प्रबन्ध निर्देशक** : बद्री बजगाईं, **सम्पादक** : इन्द्रबहादुर राउत, **सहसम्पादक** : सचिरनन्द महर्जन, फोटो: जय दाहाल, **कार्यालय** : बुद्धनगर, काठमाडौं, **सम्पर्क नं.** : ०१-४७८५७६३/९८५११३४८३०, **इमेल** : bargadristi073@gmail.com, **मुद्रण** : सुजल अफसेट प्रेस, बागबजार, काठमाडौं ।